केही शक्ति भए, घमण्ड तपले * तोडेर ती इन्द्रको
हामीलाइ तुल्याउ सोमरस त्यो * प्यूने सँगै इन्द्रको ।
त्यस्ता बात सुनी मुनी च्यवनले * स्वीकार गर्दा भए
मानी हर्ष, दिएर आशिष निकै * आनन्दले फर्किए।। ३५।।
पत्नी चन्द्रमुखी, विशाल–नयनी * देखी सुकन्याकन
पारे खूशि अनेक वैभव रची * भोगादिका साधन ।
निक्कै वर्ष चल्यो यही क्रम पछी * शर्याति भूपालले
गर्छू यज्ञ भनी पुगे च्यवनको * आश्रम्‌महाँ हर्षले।। ३६।।
पुत्रीलाइ कुनै युवा पुरुषका * देखीलिए साथमा
हेरे छक्क परेर बोल्न नसकी * चिन्ता बढी चित्तमा ।
पुत्रीले नगिचै पिताकन उहाँ * देखिन् उभेका जब
बोलेनन् नृपती र आशिष कुनै * तिन्ले दिएनन् तब।। ३७।।
बाबाको बुझि भाव भित्रि मनको * बोलिन् सुकन्या सती
कोही ह्वैन अरू, पिता ! हजुरकै * ज्वाईँ यि हुन् सद्‌मति ।
छोरी ज्वाइँ लगे सँगै नृपतिले * तत्काल दर्बारमा
थाले यज्ञ ठुलो, थिए च्यवन नै * आचार्य त्यो यज्ञमा।। ३८।।
साङ्गेको दिनमा सबै सुरहरू * आए त्यही स्थानमा
पङ्क्ती–बद्ध भई बसे वरिपरी * स्ववैद्यका साथमा ।
पाउन्नन् यिनि खान सोमरस यो * हाम्रो बसी पङ्क्तिमा
पङ्क्तीबाट परै बसून् यिनिहरू * अर्का कुनै स्थानमा।। ३९।।
यिन्लाई पनि खान देउ सँगमा * मेरो प्रतिज्ञा छ यो
मानेनन् र विवाद त्यो अलि–अली * गर्दै निकै चर्कियो ।
हान्छू वज्र भनी सुरेन्द्र रिसले * देखे उठेका जब
रोके वज्र–समेत हात मुनिले * लज्जित् भए वासव।। ४०।।

हानेनन् तब इन्द्रले र तपको * देखे ठुलो गौरव
आफ्नू साथ बसालि सोमरस त्यो * ख्वाए खुशीले तब ।
तोडे दर्प सुरेन्द्रको च्यवनले * निक्कै नराम्रो गरी
खाने वैद्य सँगै बसी सुरहरू * राखे नियम् त्यै घरि ।। ४१ ।।
आफाफ्ना स्थलमा गए र यसरी * त्यो यज्ञ पूरा भयो
देख्दा त्यो तपको प्रभाव मुनिको * चिन्ता गयो भूपको ।
छोरालाइ दिएर राज्य खुशिले * राजा पसे जङ्गल
श्री आनर्त भए सुपुत्र नृपती * कीर्ती फिँजे उज्ज्वल ।। ४२ ।।
छोरा एक भए प्रसिद्ध जगमा * आनर्तका रेवत
छोरा रेवतका थिए सय जती * गर्ने प्रजाको हित ।
जेठा ती सबमा 'ककुद्म' बलवान् * योद्धा प्रतापी थिए
उन्ले स्वर्ग गएर मद्दत पनि * श्री इन्द्रलाई दिए ।। ४३ ।।
छोरी रेवत भूपकी शशिमुखी * राम्री थिइन् रेवती
कन्या कस्कन सुम्पने अब भनी * चिन्तित् थिए भूपति ।
छोरी साथ लिई पुगे विधिकहाँ * ती सोध्नलाई जब
पाएनन् तर भित्र जान नृपले * चल्दै थियो उत्सव ।। ४४ ।।
ब्रह्मालाइ भने पछी विनयले * कन्या छ यो रेवती
यस्को योग्य मिलेन क्वै वर कहीँ * खोजेँ सकेको जति ।
ब्रह्माले नृपका सुनी सब कुरा * तत्काल आज्ञा भयो
पृथ्वीमा अब सृष्टि छैन अघि झैँ * बर्ता बित्यो काल त्यो ।। ४५ ।।
खोजेका पहिले थियौ वर जती * छैनन् ति यौटा पनि
बेला द्वापरको छ यो, युग फिरी * सत्ताइसौँ हो भनी ।
जो जो बन्धुहरू थिए अघि त्यहाँ * छैनन् सबै ती गए
जे सल्लाह म दिन्छु, त्यै गर तिमी * तत्काल इच्छा भए ।। ४६ ।।

हर्दैं छन् भव–भार कृष्ण अहिले * मारेर पापी जति
दाजू छन् बलराम योग्य उहिँ नै * उन्लाइ द्यौ रेवती।
ब्रह्माको सुनि बात भूपति पुगे * तत्काल द्वारावती
सुम्पे श्री बलरामलाइ सहजै * कन्या सती रेवती।। ४७।।
राजा रेवतले सुमेरु गिरिमा * ठूलो तपस्या गरे
तोडी बन्धन जन्मको मरणको * संसार–पारी तरे।
श्री शर्याति नरेशको भनिसकेँ * संक्षेपमा वर्णन
इक्ष्वाकू नृपको म भन्दछु कथा * विस्तारले लौ सुन।। ४८।।

राजा त्रिशंकुको कथा– (२)

राजन् ! श्री मनुका सुपुत्र पहिले * इक्ष्वाकु जो जन्मिए
देवीको तप गर्नमा दृढ हुँदा * ठूला यशस्वी भए।
उन्का पुत्र विकुक्षि एक सयमा * जेठा हुनाले गरी
पाए राज्य र राजधानि हुनगो * उन्को अयोध्यापुरी।। १।।
गर्छू श्राद्ध भनेर एकदिन ती * भूपाल इक्ष्वाकुले
मासू ल्याउ गएर झट्ट कहँदा * छोरा हिँडे हर्षले।
मारे जन्तु अनेक दुष्ट वनका * चाँडो विकुक्षी गई
लाग्दा प्यास थकाइ आकुल भए * ती खूब भोको भई।। २।।
बिर्सेछन् घरमा छ श्राद्ध भनि ती * मारे खरायो अनि
खाए पोलि उहीँ, फिरे महलमा * मासू लिएरै तिनी।
हप्काए गुरुले जुठो भनि निकै * उन्लाइ बर्ता जब
राजाले पनि राज्यबाट तँ छिटै * निस्की भनेथे तब।। ३।।
उन्को नाम भयो ‘शशाद’ वनमा * खाए खरायो भनी
काटे वर्ष अनेक घोर वनमै * उन्ले शिकारी बनी।

बाबू स्वर्ग भएपछी महलमा * फर्केर आए उनी
तिन्को शासनमा सबैतिर थियो * शान्ती सुबिस्ता पनि।। ४।।
उन्का पुत्र भए 'ककुत्स्थ' तिनिले * आफैँ पुगी स्वर्गमा
साँढे वाहन पारि इन्द्रकन ती * लड्दा भए युद्धमा।
जूरोमा बसि खूब मद्दत दिए * उन्ले त्यसै कारण
राजा हुन् यिनि 'इन्द्रवाहन' भनी * भन्थे सबै सज्जन।। ५।।
जुन् 'काकुत्स्थ' कहिन्छ वंश यहि हो * शास्त्रादिमा वर्णित
उन्कै पुत्र भए गुणी 'पृथु' उनी * गर्थे सबैको हित।
उन्का पुत्र 'विरन्धि' फेरि उनका * छोरा भए चन्द्रमा
राजा यै क्रमले भए अरु पनी * धेरै यही वंशमा।। ६।।
मान्धाता युवनाश्वका सुत पछी * खाँदा चरू यज्ञको
जन्मे उत्तम भूपती उदर नै * फोरी स्वयम् बाबुको।
उन्ले यज्ञ र दानले द्विज, प्रजा * राजी गराईलिए
उन्को नै 'त्रयदस्यु' नाम हुनगो * ती चक्रवर्ती थिए।। ७।।
फेरी त्यै कुलमा भए 'अरुणजी' * दानी गुणी भूपति
हुन् 'सत्यव्रत' पुत्र श्री अरुणका * साह्रै थिए दुर्मति।
जग्यैबाट विवाहकै लगिदिए— * थे विप्रकन्या हरी
के गर्दा हित हुन्छ यो विषयमा * चर्चा चल्यो बेसरी।। ८।।
जा 'चाण्डाल भएस्' भनी नृपतिले * श्रापे रिसाई अनि
लागे डुल्न गएर घोर वनमा * चाण्डाल राम्रै बनी।
पर्दो भो अनिकाल त्यै बखतमा * नौ वर्षको भूमिमा
पानी अन्न नपाइ मानिस मरे * बर्ता अनावृष्टिमा।। ९।।
विश्वामित्र गएर घोर वनमा * गर्थे तपस्या उता
पत्नी पुत्रहरू दुखी हुन गए * खानै नपाई यता।

छोरो एक म बेचिदिन्छु, अरुको * गर्छू सुरक्षा भनी
बाँधी बन्धन घाँटिमा पशु–समान् * तान्दै हिँडिन् दुःखिनी।।१०।।
ती सत्यव्रतले बिजोक पथमा * देखीलिएथे जब
खोले बन्धन, सोहि कारण शिशू * ज्ञानी भए 'गालव'।
राख्नेछू दिनहूँ म मासु यहिँ नै * खानू खुशीले भनी
हाँगामा दिनहूँ लगेर रुखको * झुण्ड्याइदिन्थे तिनी।।११।।
मारी हिंस्रक जन्तु घोर वनका * साना र ठूला पनि
रक्षा जीवनको गरून् भनि सधैँ * राखेर जान्थे तिनी।
निक्कै पुत्र थिए तथापि तिनिले * पालिन् त्यही मासुले
पत्नी कौशिककी खुशी हुन गइन् * बाँचें भनी युक्तिले।।१२।।
भेटेनन् र शिकार एक दिन् ती * युक्ती गरे तापनि
गाई मारि वसिष्ठकी लगिदिए * खाऊन् खुशीले भनी।
पापी ! सुन् तँ भएस् पिशाच शिरमा * शङ्कु तिनोटा हुने
यस्तो श्राप दिए रिसाइ गुरुले * नर्काऽऽदिमा जाकिने।।१३।।
पैह्लो श्राप पऱ्यो स्वयम् नृपतिको, * दोस्रो हरे ब्राह्मणी
गोहत्या हुनगो तृतीय र बने * चाण्डाल राम्रै तिनी।
तिन्को नाम भयो 'त्रिशङ्कु' जगमा, * थुम्का हुँदा माथमा
ती प्रत्यक्ष पिशाच झैँ हुन गए * पर्दा ठूलो कष्टमा।।१४।।
लागी दिक्क 'नवाक्षरी' जप गरे * कात्यायनी शक्तिको
त्यस्ले शान्ति मिलेन, देह सहजै * राख्दीनँ त्याग्छू म यो।
यस्तो निश्चयले चिता रचि स्वयम् * आगो लगाईकन
शक्तीको गरि सम्झना मनमनै * आँटे त्यहीँ होमिन।।१५।।
दुर्गाको करुणा भयो प्रकट ती * प्रत्यक्ष ताहीँ भइन्
यस्तो साहस गर्नु व्यर्थ छ भनी * तत्काल रोकीदिइन्।

तिम्रो पाप सबै निवारण गरेँ * फर्केर जाऊ घर
आफ्नू राज्य, प्रजा, गुणी, सुजनको * राम्रो सुरक्षा गर।। १६।।
बाबूले तिमिलाइ राज्य खुशिले * सुम्पीदिनेछन् भनी
अन्तर्धान भइन् दिई वर यती * श्रीशक्तिकात्यायनी ।
ज्ञानी नारदबाट ती अरुणले * सम्चार पाए जब
ती सत्यव्रतलाइ ल्याउन छिटै * सेना पठाए तब।। १७।।
मन्त्रीले वनमा पुगी सब भने * वार्ता त्रिशङ्कुसित
आज्ञा पाइ पिताजिको नगरमा * आए हुँदै हर्षित।
छोरो आइपुग्यो भनी नृपतिले * गद्दी स्वयम् सुम्पिए
तोडी बन्धन मोहको तप गरी * ती स्वर्ग पुग्दा भए ।। १८।।
थाले गर्न स्वयम् त्रिशङ्कु नृपले * त्यो राज्यको शासन
तिन्को राज्यभरी कुनै पनि दुखी * देखिन्नथे निर्धन।
तिन्को शासनमा थिएन पुरमा * दुःखी कुनै दुर्मति
तिन्का पुत्र गुणी, सुलक्षण हुने * जन्मे हरिश्चन्द्रजी।। १९।।
गर्दै दान त्रिशङ्कुले मख गरे * साना र ठूला, तर
छोरालाइ दिएर राज्य, मनमा * इच्छा गरे दुष्कर।
थाले भन्न वसिष्ठलाइ नृपले * आफ्नू इरादा तब
जान्छू स्वर्ग, गरेर यज्ञ म ठुलो * यै देहद्वारा अब।। २०।।
पूरा पार्नुहवस् मनोरथ छिटै * यस्तो भनेथे अनि
थाले भन्न गरेर तर्क गुरुले * बाधा छ यस्तो भनी।
तिम्रो बात सुनी मलाइ हुनगो * आश्चर्य हे भूपति !
गर्दै छौ नहुने कुरा किन वृथा * सप्रन्न यस्ले स्थिति।। २१।।
जान्छन् देह तजेर, पुन्य–फलले * सत्कर्मले स्वर्गमा
जानेछौ मरि स्वर्गमा, नगर यो * उल्टो कुरा व्यर्थमा।

मानेनन्—गुरुले अनेक रितले * सम्झाउँदामा पनि
गर्नोस् यज्ञ सदेह स्वर्ग पुगिने * भन्थे हठी झैं तिनी।। २२।।
गर्नूहुन्न भने म खोज्दछु कुनै * आचार्य अर्कै जन
जिद्दी वा हठका कुरा सुनि निकै * थाले गुरू—गर्जन।
गर्दै छौ नहुने वृथा हठ, छिटै * चाण्डाल होऊ भनी
पाए श्राप कठोर, ती हुन गए * चाण्डाल फेरी पनि।। २३।।
जान्छू जङ्गलमा उहीँ तप गरी * बस्छू भनी भूपति
पौँचे जङ्गलमा र दिक्क मनमा * मान्दै थिए ती अति।
विश्वामित्र तपी उसै बखतमा * फर्केर आए अनि
आफ्ना सन्ततिछन् ति जीवित कि वा * सारा मरे लौ भनी।। २४।।
देखेथे परिवार स्वस्थ र सुखी * सन्ताप फाले अनि
काट्यौ ती अनिकालका दिन सबै * कुन् युक्तिद्वारा भनी।
सोधेथे—परिवारले सकल त्यो * विस्तार गर्दा भए
रक्षा भूप त्रिशङ्कुले समयमा * हाम्रो गरेका थिए।। २५।।
त्यस्को प्रत्युपकार गर्न नसके * उद्धार होला कहाँ
ऐहले श्राप परी वसिष्ठ गुरुको * छन् कष्ट भोग्दै यहाँ।
ज्ञानी कौशिकले भने मनमनै * स्यावास सत्यव्रत
गर्नेछू उपकार केहि म पनी * मौका परेमा हित।। २६।।
भेटी भूप त्रिशङ्कुलाइ वनमै * भन्दा भए सादर
जे इच्छा मनमा छ माँग नृपते ! * दिन्छू खुशीले वर।
मेरी पत्नि र पुत्रको समयमा * रक्षा गर्‍यौ यत्नले
त्यस्को प्रत्युपकार गर्दछु छिटै * आफ्नू ठुलो शक्तिले।। २७।।
विश्वामित्रजिको प्रभाव तपको * जाने—बुझेकै थिए
जान्छू यै तनले म स्वर्गपुरिमा * बिन्ती छ, भन्दा भए।

यस्ता बात सुनी त्रिशङ्कु नृपको * क्यै पुण्य आफ्नू दिए
राजन् ! स्वर्ग तिमी यहीं शरिरले * लौ जाउ भन्दा भए।। २८।।
राजा स्वर्ग पुगे तपोबल मिली * चाण्डालकै देहले
घोक्र्याए नृपलाइ देखि रिसले * गर्जेर ती इन्द्रले।
रक्षा गर्नुहवस् खसें तल मुने ! * चिच्च्याउँदै भूपति
रोके तिष्ठ भनेर विज्ञ मुनिले * निक्कै भई क्रोधित।। २९।।
अर्को स्वर्ग रचेर इन्द्र–पदमा * राख्छू भनेथे जब
रोके इन्द्र पुगेर, माफ दिनुहोस् * न्यूरी भनेथे, अब।
लैजान्छू नृपलाइ स्वर्ग म सँगै * अत्यन्त आनन्दले
पारी दिव्य शरीर ती नृपतिको * साथै लगे इन्द्रले।। ३०।।
राजा स्वर्ग पुगी बसे रवि सरी * झन् तेजिला उज्ज्वल
ज्ञानी कौशिक खूब हर्षित भए * देखेर तपको बल।
उन्को प्रत्युपकार–रूप अऋणी * हामी भयौं लौ भनी
ज्ञानी कौशिककी प्रिया खुशि भइन् * एकेक वार्ता सुनी।। ३१।।

अत्यन्त अद्‌भुत असम्भव बात त्यस्तो
जाने प्रभाव तपको पनि श्रेष्ठ कस्तो।
संझेर ती सब कुरा नृप दङ्ग पर्थे
सुन्छू कथा अरु अझै भनि बिन्ति गर्थे।। ३२।।

सत्य हरिश्चन्द्रको कथा– (३)

ज्ञानी धार्मिक सत्य–पालक थिए * राजा अयोध्यापति
देवीभक्त सुशील स्वच्छ मतिका * दानी हरिश्चन्द्र ती।
जस्को कीर्ति विशाल लोकभरिमा * प्रख्यात् छ त्यै कारण
उन्कै गर्दछु क्यै म यो बखतमा * सत्कार्यको वर्णन।। १।।

हे राजन् ! बुझ जान सत्य–महिमा * भन्छू म संक्षेपमा
कीर्ती बढ्दछ सत्य–पालन गरे * पाइन्छ शास्त्रादिमा ।
पौँचे भूप त्रिशङ्कु स्वर्ग जसरी * देखे–सुनेथे जब
मेरा पूर्वज सत्य–पालक थिए * भन्ने बुझेथे तब।। २।।
आफू भूप भई गरे नियमले * साम्राज्यको शासन
रैती राजि थिए, सबै खुशि थिए * ज्ञानी गुणी ब्राह्मण ।
दुःखी दीन दरिद्र देशभरिमा * पाइन्नथे दुर्जन
ठूला यज्ञ र दान विप्रगणमा * दिन्थे प्रशस्तै धन।। ३।।
गर्थे विप्र तपी गुणी सुजनको * सत्पात्रको आदर
गाई–दान र धर्म–कर्म व्रत ती * गर्थे रही तत्पर ।
रानीले नृपलाइ क्वै दिन भनिन् * पाऊ परी सादर
हाम्रो कष्ट ठुलो छ भित्र मनमा * सन्तान छैनन्, तर।। ४।।
बिन्ती गर्नुहवस् गई गुरुकहाँ * के काम कस्तो गरी
हाम्रो पुत्र हुनेछ पूर्वजुनिको * बाधा भए, त्यो टरी ।
जस्को सन्तति छैन, त्यस्कन सबै * भन्छन् अपुत्री भनी
मर्दामा पनि पिण्ड–पानि नमिली * बास्नेछ दुःखी बनी।। ५।।
यस्तो बिन्ति गरिन् धुरूधुरु रुँदै * दुःखी भइन् ती जब
रानीलाइ दिएर धैर्य नृपती * हिड्दा भएथे तब ।
पौँची आश्रममा वसिष्ठ गुरुको * बिन्ती गरे सादर
दुःखी छू रवि–वंशका गुरु छँदै * सत्पुत्रको खातिर।। ६।।
आँट्यो वंश छिटैँ समाप्त हुन यो * साह्रै म छू तापमा
मेरो चित्त असाध्य व्यग्र छ गुरो ! * सन्तानकै निम्तिमा ।
छोरो एक हुने उपाय सजिलो * भन्नूहवस् क्वै अब
रक्षा यो रविवंशको भइ सदा * हाम्रो बढोस् गौरव।। ७।।

राजाको सुनि बात विज्ञ गुरुले * बोले दयालू बनी
गर्नूहोस् तप उग्र श्रीवरुणको * पुग्नेछ इच्छा अनि ।
पाए आशिष पुत्र प्राप्ति हुनको * ज्ञानी गुरूको जब
गङ्गाका तटमा बसी वरुणको * थाले तपस्या तब।। ८।।
खूशी भै तपले दिए वरुणले * आई स्वयम् दर्शन
पाए दर्शन त्यो, खुशी हुन गयो * ती भूपतीको मन ।
पाऊमा परि राम्ररी वरुणको * बिन्ती गरे भूपले
पाऊँ पुत्र भनेर यो तप गरें * मैले निकै कष्टले।। ९।।
यौटा बक्सनुहोस् मलाइ कुलको * उद्धार गर्ने सुत
तिन्को बिन्ति सुनी भने वरुणले * सम्झाइ राम्रोसित ।
छोरो ता तिमिलाइ हुन्न बुझिल्यौ * साँचो म भन्छू, तर
छोरोको मुख मात्र हेर्नु छ भने * राजन्! प्रतिज्ञा गर।। १०।।
त्यै छोरो तिमि यज्ञमा बलि गरी— * दिन्छौ भने भूपति
दिन्छू पुत्र अवश्य नै वचन यो * मान्छौ भने सद्मति ।
निक्कै बेर त्यही कुरा मनमनै * सम्झी हरिश्चन्द्रले
माँग्छू पुत्र भनी गरे प्रण पनी * अत्यन्त नै हर्षले।। ११।।
राजाको सुनि त्यो कुरा वरुणजी * सानन्द फर्की गए
राजा खूशि हुँदै, तरें अब भनी * दर्बारमा पौँचिए ।
रानी एक सये थिए नृपतिका * राम्रा अती सुन्दरी
शैव्याले नृप—गर्भ धारण गरिन् * जेठी हुनाले गरी।। १२।।
राजाले दशकर्म आदि विधिले * प्रत्येक गर्दै गए
शैव्याले जति जे कुरा सुख हुने * माँगिन् पुर्‍याइदिए ।
मैह्वा पूर्ण भयो र पुत्र हुनगो * भूपालको सुन्दर
धेरै हर्ष भयो र उत्सव गरे * सम्पूर्ण राज्यैभर।। १३।।

लावा, पुष्प, अबीर चन्दन निकै * चौतर्फ वर्षा भयो
पूजा, पाठ र दान धर्म पुरको * एकेक घर्मा चल्यो।
राजाले निज–पुत्रलाइ सहजै * देखेर हर्षित् भए
गाई अन्न सुवर्ण वस्त्र जनमा * सानन्द बाँडीदिए।।१४।।
आए ब्राह्मणरूपमा वरुणजी * गर्थे जहाँ उत्सव
सम्झाए नृपलाइ पूर्ण गर लौ * आफ्नू प्रतिज्ञा अब।
सुन्दा बात कठोर, वज्र सरिको * ती आत्तिए तापनि
बिन्ती भूपतिले गरे विनयले * भाका म पाऊँ भनी।।१५।।

हे नाथ ! गर्दछु म यज्ञ परन्तु रानी
सुत्केरि छन्, म पनि छू अपवित्र मानी ।
भाखा दिनोस् हजुरले अब एक मास
गर्छू म यज्ञ अनि निश्चय हर्षसाथ ।। १६।।
त्यस्तो विनम्र नृपको बिनती सुनेर
बोल्दा भए वरुण चिन्तित झैं भएर ।
लौ हुन्छ, जान्छु नृपते ! अब एक मास
दिन्छू मियाद, नगरे पछि सत्यनाश ।। १७।।
होला, भनी वरुणजी निज–धाम आए
राजा प्रसन्न भइ न्वारन गर्न लाए ।
पूरा गरेर गणना शुभ लग्न जाँचे
त्यो राजपुत्रकन 'रोहित' नाम राखे ।। १८।।
राजा थिए अति खुशी सुत देख्न पाई
मैह्ना खुरू–खुरु बित्यो खबरै नपाई ।
आए पुनः वरुणजी द्विजरूप धारी
पूजा गरे नृपतिले विधिसाथ भारी ।। १९।।

सानै छ यो शिशु अझै अब दाँत आवस्
त्यो बाल–यज्ञ–पशु–लायक बन्न पावस् ।
दाँतै नआइ दिनु हुन्न बली भनेर
जानिन्छ, शास्त्रहरुमा यि कुरा सुनेर ।। २०।।
गर्नेछु यज्ञ सुतको सब दाँत उम्रोस्
पाऊँ म म्याद अझ क्यै दिन पर्खनूहोस् ।
चूडा म गर्छु, व्रतबन्ध भनेर उन्ले
यस्तै कुरा गरि–गरीकन टार्न थाले ।। २१।।

त्यस्ता बात सुनी डराइ, वनमा * भागी गयो रोहित
थाले दुर्दिन काट्न ती दुख सही * निक्कै नराम्रो सित ।
आए म्याद पुगी पुनः वरुणजी * फेरी उहीँ क्वै दिन
छोरो छैन, गयो कता भनि उहीं * थाले दुखी भै रुन।। २२।।
राजाको सुनि त्यो कुरा वरुणजी * साह्रै रिसाए अनि
धेरैपल्ट ठग्यौ जलोदर भई * सङ्कष्ट भोग्छौ भनी ।
यस्तो श्राप दिई गए वरुणजी * बोल्दै नबोलीकन
लाग्यो श्राप तबै जलोदर भई * ती भूप लागे रुन।। २३।।
राजा लौन मरेँ भनी घरि–घरी * ती छट्पटिन्थे यता
त्यो संचार सुनेर रोहित पनी * झन् आत्तिइन्थे उता ।
बाबालाइ दिएर कष्ट वनमा * बाँच्नू वृथा ठान्दछु
जे होला पुरमा म जान्छु अहिल्यै * सन्ताप त्यो फाल्दछु।। २४।।
जान्छौ मर्न वृथा तिमी घर भनी * सम्झाउँदा स्नेहले
रोकेथे पथमै बुढ़ा द्विज बनी * उन्लाइ श्री इन्द्रले ।
आत्मारूप सुपुत्र हुन्छ जगमा * मान्छन् सबै सज्जन
इच्छा बाँच्न भए नजाउ घरमा * जाला वृथा जीवन।। २५।।

मर्नेछौ तिमि यज्ञमा पशु–बली * जस्तै, भनेथे जब
उन्को चित्त बुझ्यो बसेर वनमै * सन्ताप भोगे सब।
रोगग्रस्त भई पिता दुख सही * बस्छन् भनेको सुनी
आँटे जान र इन्द्रले अघि सरी * छेके नजाऊ भनी।। २६।।
बारम्बार सुनी कुरा नगरमा * ती जान लाग्थे जब
रोक्थे रोहितलाइ विप्ररुपले * श्री इन्द्र आई तब।
निक्कै कष्ट बढ़ी गुरूसित स्वयम् * सोधे हरिश्चन्द्रले
मेरो कष्ट सबै निवारण भई * जानेछ के युक्तिले।। २७।।
बिन्ती भूपतिको सुनेर गुरुले * सोची विचारी भने
भन्छू एक उपाय हे नरपते ! * यो रोग नीको हुने।
आफ्ने हुन्छ दिएर द्रव्य द्विजको * छोरो किनेको पनि
यो हो सत्य र शास्त्रसम्मत कुरा * भन्छन् तपस्वी मुनि।। २८।।
त्यस्ता बात सुनेर विज्ञ गुरुको * हो योग्य, गर्छू भनी
ल्याओ क्वै द्विजको कुमार चर हो ! * भन्दै पठाए अनि।
खोजेथे पुर ग्राममा नगरमा * सोद्धै गएथे तिनी
राजाबाट निकै लिई धन कुनै * बेच्छौ कि छोरो भनी।। २९।।
यौटा क्वै अजिगर्त ब्राह्मण थिए * पापी तथा निर्धनी
बोले द्रव्य मलाइ मिल्दछ भने * दिन्छू म छोरो भनी।
छोरा तीन थिए दरिद्र द्विजका * आफू दुई दम्पती
लागे गर्न विचार आपुसमहाँ * सन्तोष मान्दै अति।। ३०।।
जेठो पुत्र भयो पितातिर, उता * कान्छो त मातातिर
बेचीनेतिर माहिलो हुन गयो * बेचीदिए आखिर।
ल्याए त्यो शुनशेपलाइ पुरमा * जानेहरूले जब
थाले यज्ञ ठुला–ठुला ऋषि मुनी * ज्ञाता तपीले तब।। ३१।।

मौलामा शुनशेपलाइ पशु झैँ * बाँधेर राख्दा भए
लाग्यो थर्थर काम्न बालक डरी, * मर्मज्ञ जो जो थिए ।
साराले अजिगर्तलाइ मनले * धिक्कार धेरै दिए
देखी त्यो शिशुको दशा कति जना * हेरेर मौनै थिए ॥ ३२॥
बेला त्यो बलिदानको जब भयो * झस्के कसाई सब
आँटै गर्न सकेन काट्न, विधि नै * अड्कीगएथ्यो तब ।
राजा आपतमा परे अब कसो * गर्ने यहाँ के भनी
धेरै विज्ञहरू थिए, तर त्यहाँ * बोलेन कोही पनि ॥ ३३॥
जोरी हात दुवै निकै खुशि हुँदै * बाबू शुनशेपको
बोल्यो झट्ट–म गर्दछू नरपते ! * चिन्ता लिनू व्यर्थ हो ।
फेरी उत्ति मलाइ वैभव दिनोस् * काट्छू स्वयम पुत्र यो
यस्ता बात सुनेर त्यो अधमको * चौतर्फ हा–हा पऱ्यो ॥ ३४॥
हे चाण्डाल, दरिद्र, निष्ठुर, पशू * के हुन्छ तेरो गति
बेचेको धनले पुगेन र अझै * काट्ने लिइस् दुर्मति ।
हा हा कष्ट, बिजोक हेर्नु कसरी * के कष्ट यस्तो भनी
झन् कोलाहल पो गरे सकलले * धेरै दयालू बनी ॥ ३५॥
विश्वामित्र उठी त्यसै समयमा * बोले उभी भूपति !
रोयो बालक हेर बेसरि, दया * लाग्यो मलाई अति ।
आफै सम्झ त्रिशङ्कुका गुणनिधी * छोरा हरिश्चन्द्र हौ
ऐल्हे मोह बढेर व्यर्थ ननिको * यो काम के गर्दछौ? ॥ ३६॥
तिन्को बात सुनी भने नृपतिले * साँचो कुरा हो, तर
मान्दै मान्दिनँ बात यो, उदरमा * पीड़ा छ, मर्ने डर ।
राजाको सुनि तर्क, कौशिक उठी * मौलो–नगीचै गए
जप्नू मन्त्र यही भनी वरुणको * उन्ले सिकाईदिए ॥ ३७॥

आशा जीवनको लिई मनमनै * त्यस्ले जपेथ्यो जब
आए शीघ्र प्रसन्न भै वरुणजी * उस्का अगाडी तब।
हे राजन्! म भएँ प्रसन्न, वध यो * पर्दैन गर्नू अब
मुक्ती द्यौ शिशुलाइ रोग तनको * होला निको लौ सब।। ३८।।
सारा छक्क परे, गरे वरुणको * जैकार धेरै स्तुति
जोरी हात दुवै परे चरणमा * राजा खुशी भै अति।
पाऊँ माफ सबै, ठगेँ घरि–घरी * मिथ्या कुरा तापनि
मेरो त्यो अपराध बिर्सिदिनुहोस्, * हो मूर्ख राजा भनी।। ३९।।
राजाको सुनि त्यो कुरा विनयको * जानेर उन्को स्थिति
थाले भन्न बुझाउँदै वरुणले * हाँसेर हे भूपति!
बाचा–मुक्त भयौ, जलोदर गयो * पूरा भयो यज्ञ यो
छाडीद्यौ शिशुलाइ, हेर बिचरा * रोएर सन्तापियो।। ४०।।
तिन्को बात सुनेर शीघ्र शिशुको * डोरी फुकाईदिए
राजाको तन भो निरोग र सबै * अत्यन्त हर्षित् भए।
फर्केथे निजलोकमा वरुणजी * आनन्द मान्दै जब
कस्को भो शुनशेप पुत्र अब यो * चर्चा चलेथ्यो तब।। ४१।।
क्वै भन्थे अजिगर्तको, वरुणको * भन्थे हरिश्चन्द्रको
छोरो कौशिकको भने सकलले * सल्लाह पवका भयो।
भन्थे फेरि कती जना वरुणकै * छोरो नियाले भनी
लागे भन्न उठी वसिष्ठ गुरुजी * चर्चा गरेको सुनी।। ४२।।
ज्ञानी, विज्ञ, मुनी सभासदहरू * शास्त्रादिको सम्मति
जानेको र सुने बुझे जति कुरा * भन्छू म हे सद्मति!
बेच्ने हुन्न पिता, दिई धन लिने * हुन्नन् पिता भूपति
मैले मान्दिनँ हुन् पिता वरुणजी * भन्ने बताऊँ कति।। ४३।।

विश्वामित्र भए पिता नियमले * हुन् प्राणदाता उनी
भन्दै छू सब शास्त्रको मत, भयो * छोरो उनैको भनी ।
सुन्दा निश्चय यो वसिष्ठ गुरुको * राम्रो कुरा हो भनी
ठोके निश्चय भो, फिरे घर–घरै * सर्वज्ञ ज्ञानी मुनि ।। ४४ ।।
विश्वामित्र सँगै लिएर शिशु त्यो * फर्केर आए घर
गर्थे उत्सव, पुत्र रोहित बच्यो * भन्दै अयोध्याभर ।
रैती राजि गरी सुशासन गरे * राजा हरिश्चन्द्रले
रैतीले यति मान्दथे नरपती * ठूला भनी भक्तिले ।। ४५ ।।
थालेथे पछि राजसूय मख त्यो * सानन्द भूपालले
पूजा आदरले वसिष्ठ गुरुको * गर्दा भए हर्षले ।
साङ्गको दिन बेसरी धन दिई * पूजा गरेथे जब
वस्त्राभूषणले सुसज्जित गरी * धेरै दिए वैभव ।। ४६ ।।
पैह्ली त्यो गहना र वस्त्र तनमा * जान्थे र बाटैमहाँ
सोधे कौशिकले मिलेर पथमै * पाल्नू भएथ्यो कहाँ?
यो सत्कार मिल्यो कहाँ र कसरी * कस्ले दिएको भनी ?
तिन्को प्रश्न सुनी वसिष्ठ गुरुले * सारा बताए अनि ।। ४७ ।।
राजा धार्मिक सत्यपालक गुणी * योद्धा हरिश्चन्द्रले
ठूलो यज्ञ गरे र वस्त्र धन यो * सारा दिए भक्तिले ।
पैह्ले कोहि भए, हुनन् नत पछी * त्यस्ता अरू भूपति
गर्ने दान र धर्म कोहि तिनि झैँ * छैनन् कुनै सद्मति ।। ४८ ।।
बोल्दैनन् कहिल्यै असत्य तिनिले * भन्ने सुनेथे जब
लागे गर्न विचार गर्छु म स्वयम् * तिन्को परीक्षा अब ।
बोले क्रोध गरेर उच्च स्वरले * उन्को प्रशंसा सुनी
राजाका गुणको बयान यसरी * गर्छौ वृथा के, मुनि ।। ४९ ।।

राजालाइ झुटो तुल्याउँछु छिटै * मैले अधर्मी पनि
चर्काचर्कि गरी हिँडे मुनि दुवै * जान्छू म ऐह्ले भनी ।
विश्वामित्र र भूपको इबि पनी * धेरै पुरानो थियो
साटो फेर्छु भनेर क्रोध मनमा * तिन्को सफा देखियो॥ ५०॥
त्याहाँबाट उठेर घोर वनमा * पौँचे हुँदै हर्षित
चौटा आश्रममा बसेर तपले * माया गरे निर्मित ।
राजा खेल्न भनी शिकार वनमा * डुल्दै पुगेका थिए
बाला एक रुने बसेर त्यहिँ नै * प्रत्यक्ष देखीलिए॥ ५१॥
सोधे भूपतिले बताउ सुमुखी ! * को हुन् पिता वा पति
रोएको वनमा बसी किन तिमी ? * देख्छू म दुःखी अति ।
हे बाले ! तिमिलाइ यो दुख दिने * कस्ले गर्‍यो साहस
माफी दिन्नँ म त्यो कुनै पनि हवस् * मानीस वा राक्षस॥ ५२॥
यस्ता बात सुनेर ती नृपतिको * बोलिन् रुँदै सुन्दरी
गर्छन् कौशिकले यहीँ तप ममा * आसक्ति धेरै धरी ।
मेरो आश्रमको नगीच नबसी * जा अन्त भन्छन्, तर
तिन्को भ्रष्ट विचार जानि मनमा * मान्छू म बर्ता डर॥ ५३॥
भन्छन् विघ्न मलाइ पर्छ तपमा * बर्ता रिसाई मुनि
हो नाऊँ कमला, म बस्ताछु यतै * होला सुरक्षा भनी ।
त्यस्ता बात सुनेर भित्र मनमा * लागी दया भूपति
विश्वामित्रजिको पुगेर कुटिमा * बोले बुझाई अति॥ ५४॥
हे ब्रह्मन् ! तप त्यागिदेउ अहिल्यै * माँग्छौ जती सम्पति
दिन्छू, यो तपले दियो वरिपरी * बाधा र पार्‍यो खती ।
यस्ता बात भनेर भूपति फिरे, * ईर्ष्या मुनीले लिए
त्यै ईर्ष्या जब साटिएर धनमा * ती क्रोधले रन्किए॥ ५५॥

माया निर्मित क्वै बँदेल सहसा * पारे तयारी अनि
भेजे जा पुरमा गएर नृपको * नास्दे बगैचा भनी ।
उफ्र्यो बुर्कुसि मारदै र उ पुग्यो * झट्टै कुदी लौ त्यहाँ
पाऱ्यो ध्वस्त जतातै लडिबडी * गर्दै बगैचामहाँ ।। ५६ ।।

पैँच्यो बँदेल गरि घुर्घुर शब्द घोर
उद्यानमा पुगिगयो खल उफ्रिएर ।
फाल्यो उखेलि फुलका बिरुवा अनेक
आए धपाउन ति रक्षक भै उदेभ ।। ५७ ।।
झन् उफ्रि—उफ्रि सब रक्षक तर्फ हेर्दै
दाह्रा निकालि खुरले खनि नेत्र तर्दै ।
फाल्यो उखेलि रुख उत्तम धेर त्यस्ले
भागे डराइ, भनि निश्चय मार्छ यस्ले ।। ५८ ।।

सारा रक्षक ती पुगे महलमा * भाग्दै डराई जब
जोरी हात दुवै विनम्र स्वरमा * बिन्ती गरेथे सब ।
राजन् ! एक बँदेल आइ अहिले * नाश्यो बगैचा सब
डर्लाग्दो बहुतै छ त्यो हजुर नै * त्यस्लाइ मार्नोस् अब ।। ५९ ।।
तिन्को बिन्ति सुनेर भूप मनमा * आश्चर्य लागे पनि
बोकी अस्त्र, चढेर अश्व ति गए * आफैँ म मार्छू भनी ।
छाडे बाण निकै, छल्यो तर सबै, * लागेर झन् उफ्रियो
चम्केको बिजुली सरी भइ छिटै * उफ्रेर भागीगयो ।। ६० ।।
राजा अश्व लिई गए पछि—पछी * सेना र योद्धा पनि
राजा जङ्गलमा पुगेर छलिए * एक्लै परेथे अनि ।
बाटो बिर्सि यताउती डुलि रहे * चौतर्फ ती भूपति
गर्थे तर्क परेँ म घोर वनमा * के हुन्छ मेरो गति ।। ६१ ।।

तिर्खा भोक बढ्यो जसै नृपतिको * देखे नदी क्वै त्यहाँ
पानी स्वच्छ पिएर अश्वकन त्यो * बाँधीदिए बोटमा।
यौटा वृक्षमनी बसेर पथको * मारे थकाई अनि
गर्थे तर्क–वितर्क भूप मनमा * जाने कता हो भनी।। ६२।।
बूढो विप्र बनेर कौशिक उहीँ * आईपुगे त्यै घरि
तिन्लाई नृपले प्रणाम खुशिले * गर्दा भए राम्ररी।
सोधेथे नृपलाइ कप्टि मुनिले * क्यै छक्क पर्दै अनि
आफू को हुनुहुन्छ, ठान्छु मनमा * भूपाल कोही भनी।। ६३।।
के इच्छा मनमा लिएर वनमा * एक्लै हिँडेको किन
जाने मन् छ जहाँ ? उहीँ म सहजै * सक्छू पुऱ्याईदिन।
विश्वामित्रजिको कुरा सुनि निकै * शान्ती मिलेथ्यो अनि
थाले भन्न कुरा बितेजति सबै * सानन्द राजा पनि।। ६४।।
आयो कोहि ठुलो बँदेल पुरको * मेरो बगैंचामहाँ
सारा उत्तम वृक्ष फूल–फलको * लाग्यो र फाल्नै त्यहाँ।
आँटेँ मार्न गई, डराइ अनि त्यो * भागेर आयो यता
खेदेथेँ चढि अश्वमा तर यहीँ * ऐल्हे हरायो कता।। ६५।।
सारा सैन्य छुटे, दिशा भ्रम भयो * बाटो कता हो कुन?
गर्थें तर्क यहीँ बसी हजुरको * ऐल्हे मिल्यो दर्शन।
निक्कै उत्तम राजसूय मखको * कर्ता, अयोध्यापति
पार्ने खूशि अनेक ब्राह्मणहरू * बाँड़ी निकै सम्पति।। ६६।।
बोल्ने सत्य सहर्ष धार्मिक उनै * राजा हरिश्चन्द्र हुँ
मेरो कीर्ति ठुलो छ लोकभरिमा * मैले बढ़ी के कहुँ।
इच्छा–भङ्ग कदापि गर्दिनँ म ता * त्यस्मा पनी ब्राह्मण
मैले आजतलक् गरीनँ द्विजको * आज्ञा कुनै लंघन।। ६७।।

जे इच्छा मनमा छ माँग्न, खुशिले * माग्नूहवस् वैभव
गाई, वस्त्र, सुवर्ण, अन्न, पृथिवी * दिन्छू खुशीले सब।
इच्छा केहि अपूर्ण राख्दिनँ कुनै * माँग्नेहरूको भनी
ख्याति प्राप्त छ राजसूय मखको * मेरो प्रतिज्ञा पनि॥ ६८॥
बोले झट्ट सुनेर बात नृपको * तत्काल कप्टी मुनि
छोरोको छ बिहे, थिएन घरमा * सम्पति केही पनि।
मैले ख्याति वसिष्ठबाट जति जे * पैह्ले सुनेको थिएँ
त्यस्तै उत्तम दान, धर्म, धनमा * प्रत्यक्ष देखीलिएँ॥ ६९॥
त्यै वेला मुनिले उतातिर ठुलो * माया फिजाए अनि
कन्या एक कुमार ठिक्क वयका * तैयार पारे पनि।
वेदीमा दुइको विवाह पहिले * पूरा गराए अनि
कन्यादान गरेर पुण्य लिनुहोस् * ठूलो हजुर्ले भनी॥ ७०॥
हे राजन् ! वरलाइ राज्य धनले * सन्तुष्ट पार्नोस् अब
राजाले पनि 'लौ दिएँ' सब भनी * वाचा गरेथे तब।
माँगे देउ अढाइ भार सुन लौ * दान–प्रतिष्ठा अब
राजा मोहित भै 'म दिन्छु' भनि ती * फर्केर आए तब॥ ७१॥
भेटे सैनिकलाइ आफ्नु पथमै * खोज्दै थिए ती सब
बोलेनन् नृप ती सरासर गए * भित्री महल्मा तब।
रानीलाइ भने भुलेँ म वनमा * एक्लो भएथेँ अनि
मैले राज्य दिएँ, गरेँ प्रण, ठगे * कप्टी रहेछन् मुनि॥ ७२॥
माँग्दै छन् अझ दक्षिणा–स्वरुपमा * धेरै सुनीले सुन
दिन्छू स्वर्ण अढाइ भार कसरी * आत्तिन्छ साह्रै मन।
मायाले भ्रममा परेँ, हुनगयो * निक्कै नराम्रो स्थिति
पारी अक्करमा मलाइ ठगले * उल्टो तुल्याए मति॥ ७३॥

देखी भूपतिलाइ चिन्तित निकै * बोलिन् ति शैव्या सती
राजन् ! दुःख नमान्नुहोस् हजुरले * 'दैवी विचित्रा गति'।
निद्रा लाग्न सकेन, राती भर ती * जागै थिए दम्पती
भोलीपल्ट पुगेर कौशिक मुनी * बोले खुशी भै अति॥ ७४॥

यो राज्य मेरो अब छाडिदेऊ
त्यो भूयसीको सुन झट्ट देऊ।
हप्की र घुर्की सुनि हड्बड़ाई
बोल्दा भए भूपति सामु आई॥ ७५॥

गर्नूहवस् राज्य मुने ! म दिन्छु
रानी र छोरो म लिएर जान्छु।
वाराणसीमा गइ बस्छु ऐले
केही–पछी आउनुहोस् खुशीले॥ ७६॥

दिन्छू उहीँ भूयसि नाथलाई
भाखा दिनूहोस् अब क्यै मलाई।
तिन्ले दिए केहि विचारि भाखा
निस्के र आए सब छाड़ि राजा॥ ७७॥

रानी सँगै छन् सुखमा बसेकी
दुःखी भई नृपसँगै हिँडेकी।
छोरो पनी आसु बगाइ रुन्छ
हा दैव यस्तो दुख कौन हुन्छ॥ ७८॥

यत्रा धार्मिक भूपले पनि वृथा * संकष्ट पाए भनी
छाती ठोकि प्रजाहरू पनि निकै * रोए दुखीया बनी।
गङ्गा–स्नान गरी पसे नगरमा * राजा हरिश्चन्द्रजी
के गर्ने ? कसरी दिने ? धन भनी * दुःखी थिए भूपति॥ ७९॥

विश्वामित्र पुगी उसै बखतमा * आए अगाडी अनि
देऊ भूयसि दक्षिणा अब छिटै * भाका पुग्यो लौ भनी।
मैले दिन्नँ कि वा म सक्तिन भने * दिन्छू म माफी सब
तिन्को खप्कि सुनी भने नृपतिले * पाऊ समाई तब।। ८०।।
भाखाको दिन हो तथापि अहिले * बाँकी छ आधा जति
त्यै आधा दिन मात्र फुर्सत दिनोस् * दिन्छू म त्यो सम्पति।
पैह्ले दिन्छु भनेर दिन्नँ कसरी * मैले भनूँ हे मुनि !
मैले छाड्दिनँ सत्य धर्म कहिल्यै * यो प्राण फाले पनि।। ८१।।
भैगो म्याद छ शेष, जान्छु अहिले * के ताकिता लाउने
दिन्छू श्राप अवश्य लाग्छ नृपते! * आजै दिएनौ भने।
विश्वामित्र गए रिसाइ, अनि झन् * राजा परे कष्टमा
थाले गर्न विचार पर्छु म छिटै * ती विप्रको झोकमा।। ८२।।
त्यस्ता ब्राह्मणको ऋणी भइ मरे * होला पछी के गति
बेचिन्छू म बरू, हुनन् धन दिई * किन्ने कती हो कति।
छैनन् मित्र धनी, भए पनि कहाँ * खोजूँ र माँगूँ धन
दाता हूँ म, कलङ्क लाग्छ कुलमा * यस्ले विना कारण।। ८३।
अर्काको धन लिन्नँ यो बखतमा * सित्तैं दिए तापनि
यो ब्रह्मस्व तिरूँ म के गरि छिटै * हा दैव ! ऐह्ले भनी।
चिन्ता धेर बढी ढले नरपती * रानी अगाडी गई
स्वामी ! धैर्य लिनोस् भनिन् विनयले * पुग्दैन चिन्तित् भई।। ८४।।
ठूलो सत्य र धर्म नै छ अरु के * साह्रै ठुलो गौरव
सोही सत्य र धर्म थाम्नु छ, कतै * बेच्नोस् मलाई अब।
हाम्रो वंश बढाउने छ बिरुवा * छोरो यही रोहित
बेची झट्ट मलाइ द्रव्य दिनुहोस् * यस्तो छ मेरो मत।। ८५।।

यति सुनिकन राजा हा ! भनी छाति ठोके
सहन नसकि रोई भूमिमा फेरि लोटे ।
गहभरि गरि आँसू भूपको दुःख देखिन्
सहन नसकि रोई कष्टले छाति ठोकिन् ॥ ८६॥
लडिबुडि गरि रुन्थ्यो पुत्र झन् हेरि हेरी
विपति कति दिदै छौ कष्ट, बन्दै निठूरी ।
पतिकन ति बुझाई भन्दछिन् फेरि रानी
प्रियतम! अब चिन्ता छाड्नुहोस् व्यर्थ जानी ॥ ८७॥
उठि बरु धन केही मिल्छ की माग्नजानोस्
झटपट कि मलाई नै कतै बेच्न लानोस् ।
पछि त हजुरलाई पुत्र यो चाहिनेछ
धन त मकन बेचे निश्चयै पाइनेछ ॥ ८८॥
राजा सुनी यति कुरा अलि धैर्य धारी
बोल्दा भए अनि कुरा मनमा विचारी ।
रानी ! म क्षत्रिय भई धन दान दीनु
हो सत्य धर्म, कसरी भन माँग्न जानु ॥ ८९॥
दीनू–सिवाय लिनु होइन धर्म हाम्रो
नाशिन्छ सत्य अनि धर्म पछी नराम्रो ।
यस्तो मलाइ उपदेश नदेउ रानी !
यो काम गर्दिनँ कसै म अयोग्य ठानी ॥ ९०॥
मर्नू निको बरु, हुँदैन लिनू यसोरी
बेच्यूँ लगेर तिमिलाइ हरे ! कसोरी ।
बेचूँन्छु मै बरु तिमी लिइ पुत्रलाई
पालन् गरेर बस, दुःख परोस् मलाई ॥ ९१॥

छैनन् अधम् म सरिका अरु क्वै, पियारी !
सद्धर्म त्याग्दिनँ, छु मर्न बरू तयारी ।
भोग्नूपर्‍यो अधिक दुःख यहाँ मलाई
गर्दा झुटो उहि हुनेछ पछी कमाई ।। १२।।
यै निम्ति डर्दछु प्रिये ! म अधर्मदेखी
भोग्दै छु पूर्वकि कमाइ न शेष राखी ।
आयो विपत्ति अहिले बुझि धैर्य—साथ
स्वीकार त्यो गर तिमी निहुराइ माथ ।। १३।।

यस्तै बात हुँदै थियो, पुगिगए * तत्काल कप्टी मुनि
आँट्यो सिद्धिन म्याद त्यो धन छिटै * देऊ मलाई भनी ।
चौथाई दिन शेषमा त नदिए * श्रापै दिनेछू यहाँ
यस्तो बात कडा भनेर मुनिजी * फर्कीगएथे उहाँ।। १४।।
शैव्याले अति दिक्क मानि मनमा * बिन्ती गरिन् सादर
स्वामी ! म्याद रहेन, श्राप मुनिले * दिन्छन्, छ उस्कै डर ।
छोरो एक छँदै छ यो म नभई * क्यै हुन्न खाँचो अब
बेची शीघ्र दिनोस् मलाइ मुनिले * माँगे जती वैभव।। १५।।

हा कष्ट ! राजा अति दुःख मानी
रानी म बेच्छू भनि क्यै नमानी ।
त्यो वज्र जस्तै मन पारि पैह्ले
हिड्दा भए आँट गरी बलैले ।। १६।।
क्यै दूर गै उच्च दिएर हाँक
किन्छौ कि क्वै दासि म बेच्छु एक ।
चाण्डाल जस्तै म छु जाननूहोस्
शास्त्रोक्तको मोल पुरा दिनूहोस् ।। १७।।

विश्वामित्र धनी बनीकन स्वयम् * आए अगाडी उहाँ
दासी किन्छु मलाइ देउ तिमिले * दिन्छू रुपीयाँ यहाँ ।
को हौ? स्त्री किन बेच्दछौ ? भन यती * तिन्ले सुध्याए जब
त्यस्को उत्तर क्यै पनी नदिइ ती * बोल्नै सकेनन् तब ।। ९८ ।।
बूढा ब्राह्मणले करोड़ रुपियाँ * हो मोल शास्त्रोक्त यो
भन्दै राखिदिए र हिँड् अब भनी * आज्ञा दिए शीघ्र त्यो ।
लागिन् जान कता भनेर जननी * दौडेर छोरो पनि
लागेथ्यो रुन बेसरी धरि लुगा * जान्छू म साथै भनी ।। ९९ ।।

रानी अगाडी सरि हात जोरी
बिन्ती गरिन् ती द्विजतर्फ हेरी ।
हे नाथ ! यो पुत्र पनी लिनूहोस्
शास्त्रोक्तको मोल स्वयम् दिनूहोस् ।। १०० ।।
छाड्दैन केही गरि यो मलाई
छाडूँ कसोरी म पनी त हाई !
यस्तो सुनी पुत्र – समेत लीए
त्यस्को पनी मूल्य तुरुन्त दीए ।। १०१ ।।
हृदय कुलिश पारी अश्रुधारा बगाई
लिइकन सँग छोरो भूपका सामु जाई ।
चरण दुइ समाई बिन्ति गर्छिन् ति रानी
हजुर रहनुहोला कत्ति चिन्ता नमानी ।। १०२ ।।
विनय यहि छ मेरो जुन् जती धर्म—कर्म
थरि—थरि गरिएका आजसम्मन् सुकर्म ।
उहि सब मिलि मेरो जन्म—जन्मान्तलाई
हजुरकि बनि दासी बस्न पाऊँ रमाई ।। १०३ ।।

राजा केहि नबोलि त्यो बखतमा * मूर्च्छा परेका थिए
लौ-लौ हिड् तँ छिटै भनी धनिकले * तानेर लाँदा भए ।
मूर्छाबाट उठेर धैर्य मनमा * राख्नै नसक्ता तिनी
थाले छाति पिटी कराउन त्यहीँ * हा पुत्र, रानी! भनी ॥१०४॥
हे रानी ! अहिले गयौ तिमि कता * बाबू गयौ रोहित !
कस्तो कर्म गरेँछु पूर्वजुनिमा * धिक्कार भन्छू म त ।
आफ्नू राज्य दिएँ, परे दुखहरू * धेरै थरी तापनि
मैले मानिनँ कष्ट पत्नि सुत छन् * मेरा सँगैमा भनी ॥१०५॥
हे दुर्दैव ! म के गरूँ; गइ कहाँ * दुःखी छ धेरै मन
बाँचेकै अझसम्म छू म मुटु नै * फुट्तैन मेरो किन ?
राजा यै मनमा अनेक थरिका * गर्दै थिए चिन्तन
विश्वामित्र पुगी भने नरपते ! * तत्काल देऊ धन ॥१०६॥
माँगेको जति म्याद हो पुगिसक्यो * के झोक्रिइन्छौ अब
मेरो क्रोधविषे पर्‍यौ यदि भने * मर्छू म भन्ने बुझ ।
यस्तो खप्कि सुनेर चिन्तित भए * क्यै बेर राजा अनि
राखे द्रव्य अगाडि ल्याइ मुनिको * हो दक्षिणा लौ भनी ॥१०७॥
बोले कौशिक खूब हर्षित भएँ * पाई पछीको धन
देऊ लौ अब राजसूय मखको * त्यो द्रव्य ल्याईकन ।
पूरा यो पछिकै भएन तपनी * देऊ यती नै अरू
सक्तैनौ दिन ता नदेउ, सहजै * माफी दिनेछू बरु ॥१०८॥
ठान्छौ की पुरमा डुलेर दिनहूँ * माँग्ने म हूँ क्वै मुनि
मेरो श्राप तथा प्रभाव तपको * राम्रो बुझौला अनि ।
यस्तै हप्कि सुनाउँदै मुनि गए * ली दक्षिणाको धन
चिन्ताग्रस्त हुँदै हिडे नरपती * आफू स्वयं बेचिन ॥१०९॥

लामू श्वास लिई वरीपरि डुली, * रोएर भन्छन् तिनी
बेचिन्छू म, मलाइ किन्न धनले * लौ कोहि आओ धनी ।
यस्ता बात सुनेर धर्म नृपको * गर्छू परीक्षा भनी
आए उग्र स्वरूप धारण गरी * चाण्डाल जस्ता बनी ॥११०॥
किन्छू लौ म, तँलाइ दिन्छु रुपियाँ * हो मोल तेरो कति ?
विश्वामित्र पुगी उसै बखतमा * बोले रिसाई अति ।
देऊ द्रव्य छिटै, म दिन्नँ नृपते! * माँगेर भाका पनि
तिन्को बात सुनी विनम्र स्वरमा * बोले ति दुःखी बनी ॥१११॥
लामा दारि–जुँघा, कठोर मुखको * दुर्गन्ध चल्ने अति
कालो रूप हुने तथा भय दिने * देख्दै ठुलो दुर्गति ।
सोधे भूपतिले दुखी हृदयले * उस्लाइ को होस् भनी?
हूँ चाण्डाल भन्यो उ निर्भय भई, * उस्ले भनेको सुनी ॥११२॥
थाले भन्न अलिक् कठोर स्वरमा * चाण्डाल रैछस् तँ ता
गर्छू क्षत्रियको, सुविज्ञ द्विजको * सेवा खुशीले म ता ।
सुन्दा बात नरेशको रिस गरी * चाण्डाल बोल्यो अनि
बेचिन्छू पहिले भन्यौ किन वृथा * निर्धक्क बाठो बनी ॥११३॥
गर्थे तर्क–वितर्क ती दुइ यता, * आईपुगेथे मुनि
पाऊ पक्रि दुखी हुँदै नृपतिले * बिन्ती गरेथे अनि ।
ब्रह्मन् ! यो अति नीच जात कसरी * यस्को कमारो म हूँ ?
राख्नूहोस हजूरकै चरणको * नै चाकरीमा रहूँ ॥११४॥
आज्ञा पालन गर्छु दास सरि भै * तिन्ले भनेको सुनी
भित्री भाव लुकाइ झन् कपटले * हाँसेर बोले मुनि ।
आफ्नू दास गरी छलीकन, भने * चाण्डाललाई अनि
लैजाऊ दिइ मोल पूर्ण, खुशिले * मेरो कमारो भनी ॥११५॥

उस्ले धेर सुवर्ण रत्नहरुको * थुप्रो लगाईदियो
बेचे कौशिकले, उही स्वपचले * राजा कमारो लियो ।
जाऊ हे नृपते ! यही स्वपचको * आज्ञा गरे पालन
तिम्रो मङ्गल होस्, हिँडे म अहिले * बोकेर सारा धन ।। ११६ ।।
वर्षा भूपतिको भयो शिरविषे * लावा तथा पुष्पको
बाजा आदि बजे र स्वर्गपुरिमा * आकाशवाणी भयो ।
हे राजन् ! अऋणी भयौ बुझ निकै * कीर्ती ठुलो फैलियो
त्यो सुन्दा नृपको दुखी मनविषे * शान्ती निकै फैलियो ।। ११७ ।।
विश्वामित्र लिई हिँडे धन सबै * आनन्द मान्दै जब
फेला पर्न गई उही स्वपचको * राजा डराए तब ।
किन्ने भूपतिलाइ त्यै स्वपचले * गर्जेर कुट्तो भयो
लौ हिँड् झट्ट भनेर पक्रि करमा * घर्मा पुऱ्याईलियो ।। ११८ ।।
ठोक्यो नेल पुऱ्याइ आफ्नु घरमा * राख्यो थुनामा अनि
आफू मस्त सुत्यो दिएन खललें * तिन्लाइ पानी पनि ।
चिन्ताग्रस्त नरेश चार दिन त्यो * काटे थुनामा जब
पाँचौं दिन् पुगि नेल काटि नृपको * ल्यायो अगाडी तब ।। ११९ ।।
गर्जी खूब अह्राउने जति कुरा * सारा बुझायो अनि
भेज्यो दक्षिणमा मशान छ उहीं * सानन्द बस्नू भनी ।
लट्ठी दुर्जय वीरबाहु प्रभुको * हो भन्नु, लैजा उहाँ
मुर्दाको बटुलेर काठ कपडा * बोकेर ल्याएस् यहाँ ।। १२० ।।
पैह्लेदेखि छ जो लिने चलन त्यो * माँग्नू स्वयम् दस्तुर
त्यो सारा बटुली बुझाउनु यहाँ * एकत्र पारी कर ।
आज्ञा प्राप्त गरी उही स्वपचको * लौरो लिई हातमा
पैँचे उग्र मशानमा अनि परे * भूपाल झन् तापमा ।। १२१ ।।

आधा अङ्ग जली मुढो सरि लडी * छन् पल्टिएका कति
बल्दै छन् कतिका चिता वरिपरी * दन्केर आगो अति ।
खाने गिद्ध र स्याल काग कति छन् * आधा जलेका कति
आलो खप्पर हाड–मांस कतिका * छन् फैलिएका कति ॥१२२॥
आत्तिन्थे नृपती त्यहाँ घरि–घरी * दुर्गन्ध हावा चली
तातोले पसिना शरीर–भरिमा * बग्दै थियो खल्खली ।
मुस्लो बादल झैँ धुवाँ रुमलिई * फैलेर आकाशमा
त्यस्तो घोर मशानमा नरपती * बस्ता परे त्रासमा ॥१२३॥
तिन्को उत्तम रूपको जति थियो * सौन्दर्य बिग्रीगयो
रातीमा निद छैन, भोक दिनमा * लाग्दै नलाग्ने भयो ।
रानी, पुत्र र राज्य वैभव सबै * ऐल्हे हरायो कहाँ?
त्यो सारा सपना भए, स्वपच झैँ * राजा भएथे त्यहाँ ॥१२४॥
मुर्दाका कपडा बटुल्नु र लिनू * प्रत्येकको दस्तुर
मैह्ला बाह्र बितेछ कल्प सरि त्यो * भूपालको आखिर ।
पैह्री वस्त्र बुचे रहे नरपती * ठूलो सकस्मा यता
रानीको अब सुन्नुहोस् स्थिति भयो * कस्तो नराम्रो उता ॥१२५॥
गर्थे कर्कर विप्रले घरि–घरी * रोएर बित्थे दिन
गर्थिन् काम तथापि फुर्सद भने * मिल्दैनथ्यो क्यै क्षण ।
साथीका सँग लागि रोहित कतै * खेलीरहेका थिए
देखेछन् कुश त्यै उखेल्दछु भनी * घारीविषे गैगए ॥ १२६॥
निस्क्यो एक विषालु साँप र डस्यो * मुर्दा भए रोहित
त्यो संचार सुनाउनाकन पुगे * साथी, हुँदै विस्मित ।
रानीले सुतको कुरा मरणको * त्यस्तो सुनीथिन् जब
हा हा पुत्र भनेर उच्च स्वरले * रोइन् कराइन् तब ॥१२७॥

देखे ती द्विजले अती रिस गरी * सोध्नू र जान्नू कहाँ
थाले झर्किइ भन्न व्यर्थ किन यो * रुन्छे कराई यहाँ।
सायंकाल हुँदा अलच्छिन गरी * चिच्च्याउँदै छस् किन ?
तिन्को बात सुनी डराइ मनमा * बोलिन् बुझाईकन ।।१२८।।
छोरो मर्न गयो भनीकन सुनें * टोकी कुनै सर्पले
जान्थेँ हेर्न म, हुन्छु हाजिर भरे * आज्ञा दिए नाथले।
बारम्बार गरी विलाप र रुँदै * धेरै भनिन् तापनि
चिच्च्याए रिसले, भने ति द्विजले * पर्दैन जानू भनी।।१२९।।
साहै जिद्दि गरिन् र काम घरको * पूरा गरी जा भनी
आज्ञा पाइ, गएर काम सब त्यो * पूरा गरीथिन् अनि।
आधारात बितेछ काम सकिँदा * निस्किन् तिनी रातमा
हा दुर्दैव ! थिएन त्यो समयमा * रक्षार्थ क्वै साथमा।।१३०।।

मृतक पुत्र जहाँ थियो उहाँ
पुगि विलाप असाध्य गरी त्यहाँ।
मृतक होइन यो भनि भानले
लिइ झुराउँदथिन् अति प्रेमले ।।१३१।।
किन मलाइ यसो गरि शोकका
जलधि–भित्र डुबाउँदछौ नि हा !
उठ सहास गरीकन बोल लौ
तिमि नभै म कसो गरि बाँचुँ लौ ।।१३२।।
अरु–अरू कति दुःख परे पनि
सब सहेँ तिमि छौ सँगमा भनी।
हुन गयो तिमरो पनि यो गति
शिव हरे ! अझ पर्नु छ के कति ।।१३३।।

सकल लक्षण–युक्त छ यो भनी
अघि भने सब ज्योतिषिले पनि ।
उ सब व्यर्थ भएर गयो कता
खपि नसक्नु भयो प्रिय पुत्र हा:! ।। १३४।।
विधि भई किन हो यति निर्दयी
कति विपत्ति हुनू निठुरी भई ।
अझ उता नृपको गति के भयो !
म नहुँदा कति के सहनूपर्‍यो ! ।। १३५।।
उठ न बाबु ! मलाइ मुमा भनी
हृदय शान्त तुल्याउ उठी तिमी ।
कसरि बाँचुँ म बाबु ! तिमी–बिनु
निठुर दैव, तँलाइ म के भनूँ! ।। १३६।।
बाँचेर व्यर्थै अब सार छैन
जे हो हुने, भो, अब शेष छैन ।
उल्टो विधाता, तिमिलाइ मैले
नगर्नु केही त गरीनँ पैह्ले ।। १३७।।
आयो विपत्ती अब जाउँ काहाँ
त्यागछू म यो देह तुरुन्त याहाँ ।
बेहोश जस्तै तिनि शोक गर्थिन्
काखमा उठाईकन पुत्र लिन्थिन् ।। १३८।।
आधारात हुँदा विलाप गरि ती * रोइन् कराइन् जब
आए हेर्न छिमेकि मानिसहरू * को रुन्छ भन्दै तब ।
कुत्ता स्याल कराउँथे घरि–घरी * त्यस्को नमानी डर
रोएको निशिमा ठुलो स्वर गरी * सुन्दाविचित्रैस्वर।।१३९।।

नारी एक्लि बसेर घोर निशिमा * रोयौ अहीले किन ?
मुर्दा बालक देख्दछौँ यहिँ छ यो * को हो बुझाई भन ।
कस्को बालक यो मरेछ कसरी? * तिम्रा पती छन् कहाँ ?
छैनन् की पति ? यो बताउ सुमुखी, * विस्तार सुन्छौं यहाँ।।१४०।।
धेरैपल्ट उही कुरा घरि–घरी * सोधे सबैले तर
वाणी रुद्ध भएर केहि दिइनन् * तिन्ले सफा उत्तर ।
सोद्धा बोल्दिन यो कुनै पनि कुरा * लाग्दै छ शङ्का अब
यस्ले बालक मार्दिरैछ दिनहूँ * खोजेर ल्याई सब।।१४१।।
शङ्का बढ्न गएर लोकहरुले * हो डङ्किनी यो यहाँ
बस्नेथी किन नत्र निर्भय भई * यो घोर रात्रीमहाँ ।
यो हो बालक–घातिनी अब यहाँ * छाड्ने कसोरी भनी
पक्री केश घिसारि त्यै नगरको * बाहीर ल्याए अनि।।१४२।।
हा हा, दैवगती ! उही स्वपचको * साम्ने पुऱ्याईदिए
मार्नैपर्दछ डङ्किनी रहिछ यो * सल्लाह गर्दा भए ।
हे चाण्डाल ! रहीछ बालकहरू * मार्ने यही डङ्किनी
यस्लाई अब मार्नुपर्छ जनको * होला सुरक्षा भनी।।१४३।।
त्यस्ता बात सुनेर त्यो स्वपचले * यस्लाइ लौ काट् भनी
राजालाइ भन्यो र आँट्न नसकी * भूपाल बोले अनि ।
हे चाण्डालपते ! अह्राउ गरुँला * जे काम भन्छौ अरू
यस्तो काम कदापि गर्दिनँ यहाँ * यो प्राण जावस् बरु।।१४४।।
व्यर्थै प्राण लिनू छ कार्य घटिया * उस्माथि स्त्री ब्राह्मण
जानी–जानि अवध्यको वध गरूँ * के हेतु मैले भन?
हो यो कार्य अयोग्य नै तरपनी * आज्ञा छ तिम्रो भनी
कोही अन्य भए म तत्पर भई * मार्थें नि पापी वनी।।१४५।।

ठूला दानव यक्ष किन्नर तथा * ती इन्द्र आए पनि
जित्नेछू सबलाइ आफ्नु बलले * तिम्रो हुकूम् हो भनी ।
स्त्री–घाती कसरी बनूँ म अहिले * होस् डङ्किनी पापिनी
त्यो चाण्डाल सुनेर बात नृपको * बोल्यो कराई अनि ।। १४६ ।।
मेरो दास भई निकै चतुर भै * बोल्छस् कुरा ज्ञानका
आज्ञा पालन गर्नुपर्दछ सबै * रैछस् घमण्डी तँ ता ।
लौ ले यो तरवार शीघ्र करमा * हो व्यर्थ गर्नू हठ
जित्नेछू रणमा सुरासुर भनी * के गर्व गर्छस् शठ ।। १४७ ।।
त्यस्तो वीर भए बिकिस् किन स्वयम् * मेरो बनिस् सेवक
आज्ञा पालन गर्दछस् कि म पिटूँ * हे दुष्ट ! नालायक ।
धेरैले सुख पाउँछन् यदि भने * मारेर यौटाकन
त्यो दोषी कहिल्यै हुँदैन बुझिले * नारीकिहोस् ब्राह्मण ।। १४८ ।।
ले यो खड्ग, नकाटि हुन्न भनि त्यो * पापिष्ठ गर्ज्यो जब
हा दुर्दैव ! भनेर खड्ग नृपले * पक्रे करैले तब ।
राजा रानि दुवै परस्पर त्यहाँ * चिन्दैनथे तापनि
रानीलाइ भने विनम्र स्वरमा * अत्यन्त दुःखी बनी ।। १४९ ।।
हे देवी ! तिमि हौ तयार म स्वयम् * छू काट्नमा तत्पर
कस्ता बात गर्‍यो ? सुन्यौ सब कुरा * त्यस्ले लगायो कर ।
रानीले अनि रोइ सादर भनिन् * हो दुःखको यो हद
बिन्ती गर्छु, मलाइ एक क्षणको * देऊ तिमी फुर्सद ।। १५० ।।
मेरो पुत्र मरीरहेछ वनमा * उस्लाइ ल्याऊँ अनि
काटौला तिमिले भनेर पुरमा * आइन् दगुर्दै तिनी ।
मुर्दा पुत्र जहाँ थियो ति निशमै * खोज्दै उहीं नै पुगिन्
एक्लै त्यो मृत–पुत्र बोकि बलले * त्यै स्थानमा फर्किइन् ।। १५१ ।।

त्याहाँसम्म थिएन थाह दुइमा * रानी र राजा भनी
मेरो पुत्र भनेर उच्च स्वरले * रोई कराइन् तिनी ।
दासी ब्राह्मणकी भएँ, तर पनी * मानीनँ गाह्रो रति
बाबू रोहित ! चित्त रोक्नु कसरी * देखेर तिम्रो गति ।। १५२ ।।
के होला गति हे हरे ! यस घरी * राजा हरिश्चन्द्रको
यो होवैन अवश्य ज्ञान नृपमा * यो मृत्यु रोहीतको ।
रानीको सुनि त्यो विलाप सहसा * भूपाल झस्के अनि
गर्दै तर्क चिह्ने सुपुत्र यहि हो, * रानी यिनै हुन् भनी ।। १५३ ।।
देखेथे जब राजलक्षणहरू * आश्चर्य भै भूपति
आसूँ बग्न गयो, गिरे नृप उहीं * मूर्च्छा परी दुर्गति ।
निक्कै बेरपछी उठे दुइ जना * राजा र रानी पनि
थाले गर्न विलाप रोहित गयौ * त्यागेर ऐह्ले भनी ।। १५४ ।।
राजाले पहिले स्वयम् निज–स्थिति * गर्दा भए वर्णन
देखी दुर्गति भूपको स्थिति सुनी * लागिन् ति रानी रुन ।
आफ्नू कष्ट र पुत्रको मरण त्यो * एकेक सारा भनिन्
रोई छाति ठटाइ टिक्न नसकी * तत्काल मूर्च्छा परिन् ।। १५५ ।।
आयो चेत जसै उठिन् कठिनले * पारी दह्रो क्यै मन
जोरी हात गरेर साहस निकै * भन्छिन् ति राजाकन ।
लाग्दा धर्म र सत्य पालन–पछी * स्वामी ! भयो यो गति
त्यागनूहुन्न कदापि सत्य कहिले * नाशिन्न हे भूपति ।। १५६ ।।
मान्नैपर्दछ दासको हुकुम त्यो * सद्धर्म थाम्ने भया
काटीबक्सनुहोस् मलाइ पहिले * बिर्सेर माया दया ।
राजाले यति बात बज्र सरिका * सुन्दा भएथे जब
ठूलो चोट परेर खप्न नसकी * मूर्छित् भएथे तब ।। १५७ ।।

आयो चेत उठे, दुवै नयनमा * आँसू बगाईकन
बोले–मर्छु चिताविषे सुतसँगै * भो व्यर्थ जो जीवन।
जाऊ ब्राह्मणको रही टहलमा * आज्ञा गरे पालन
हाम्रो सत्य र धर्म शेष छ भने * भेट्नेछु कोही दिन।।१५८।।

हा पुत्र, रोहित ! गयौ तिमिलाइ कस्तो
देख्नूपर्‍यो मृतक दुर्गति आज यस्तो ।
तिम्रो पनी प्रियतमे ! अति दुर्दशा भो
देखेर चित्त, बढि व्याकुल प्राण भैगो ।।१५९।।

लाग्दैन जीवन निको अब बाँच्नलाई
हो आखिरी दिन बुझे तिमि आजलाई ।
शक्ती रहेन; जिउ बेसरि काम्न थाल्यो
आँखा भई तिरिमिरी सब देख्न छाड्यो ।।१६०।।

मान्दीनँ क्यै भर बुझेस् अब दैव ! तेरो
तैँले छिटै गरिदिइस् बरबाद मेरो ।
रानी ! तिमी अब छ अन्तिम भेट जान
हाम्रो हुँदैन अब भेट भनेर मान ।।१६१।।

यस्तो भनी धुरु–धुरू नृप रोइ त्याहाँ
मूर्च्छित् भई ढलिगए त्यहिँ भूमिमाहाँ ।
देखेर रानि भइ विह्वल आफ्नु मन्मा
बिन्ती गरिन् चरण पक्रि ति भूपतीमा ।।१६२।।

स्वामी ! हजूरकन छाडि म बस्नलाई
दिन्नन् सुशास्त्र निज सम्मति पत्निलाई ।
तस्मात् सती भइ म देह जलाइदिन्छु
के बस्तथेँ अब यहाँ, सँग लागि जान्छु ।।१६३।।

यस्तै विलाप गरि ती दुइ मर्नलाई
पैह्ले निधो गरि तयार चिता गराई ।
हे भूमि ! अन्तिम बिदा तिमि आज देऊ
हाम्रो कसूर जति हो सब माफ देऊ ।। १६४।।

निक्कै बेर गरी विलाप ति दुवै * राजा र रानी पनि
राखे पुत्र लगी चिता–उपरमा * आगो लगाऊँ भनी ।
जोरी बाहुलि भक्तिपूर्वक झुकी * सम्झेर कात्यायनी
रानी भूप दुवै मिली स्तुति गरे * हे भक्त–संरक्षिणी।।१६५।।

देवीको जब भक्ति चिन्तन गरे * इन्द्रादि द्यौता सब
आए धर्म–समेत सामु नृपका * भन्छन् बुझाई तब ।
राजन् ! धर्म, कुबेर यी वरुण हुन्, * हुन् इन्द्र, ब्रह्मा यिनी
ज्ञानी श्रेष्ठ महर्षि सिद्ध र तपी * ठूला महात्मा मुनि।।१६६।।

क्रोधी कौशिक भन्दथे चकित भै * माँगेर लेऊ वर
दिन्छू आज भनी उपस्थित भए * निक्कै गरी आदर ।
राजन् ! धर्म म हूँ थिएँ अघि स्वयम् * चाण्डालको रूपमा
धेरै कष्ट दिएँ छलेर, तिमि छौ * उत्तीर्ण यो जाँचमा।।१६७।।

भैगो छाड तिमी चिता–उपरमा * जल्ने ठुलो साहस
तीनै लोक जित्यौ सहेर दुख यो * जानेछ बढ्दै यश ।
गर्दा पालन सत्य–धर्म दृढ भै * खूशी छ मेरो मन
राजा इन्द्र तयार छन् दिन स्वयम् * इच्छा छ के लौ भन।।१६८।।

बोले इन्द्र–प्रसन्न छु म अहिले * राजन् ! त्यसै कारण
पूरा जाँच भयो, जित्यौ नरपते ! * आएँ, यसैले लिन ।
जाऊ स्वर्गपुरी यही शरिरले * लैजान्छु आफैसित
पारे दिव्य शरीर अमृत छरी * हाँस्तै उठे रोहित।।१६९।।

राजा–रानि तुरुन्त दिव्य तनका * ती देखिएथे जब
ल्याएको छु विमानमा बस छिटै * तीनै जना लौ अब ।
बोले भूपति नम्र भै–सुरपते! * मेरो नमस्कार छ
गर्छन् मान प्रजा ठुलो र म पनी * गर्छू सदा, स्नेह छ ।। १७० ।।
मेरो नै गरि सम्झना नगरमा * रैती हुनन् पीडित
जाने स्वर्गपुरी म मात्र कसरी * एक्लै तपाईंसित ।
जान्छन् स्वर्ग भने प्रजा मसँग नै * जान्छू सँगै स्वर्गमा
जानेछू म प्रजासँगै यदि कुनै * जानूपरे नर्कमा ।। १७१ ।।
बस्नेछू बरु एकमात्र दिन ती * आफ्ना प्रजा साथमा
दिन्छू पुण्य भए स्वयम्, सब हिँडून् * मेरा प्रजा स्वर्गमा ।
राजाको बुझि भाव स्वच्छ मनको * श्री इन्द्र राजी भए
विश्वामित्रजिका सँगै सुरहरू * सारा अयोध्या गए ।। १७२ ।।
डाकी भूपतिले प्रजाकन भने * रैती सबै लौ सुन
इच्छा गर्दछ स्वर्ग जान जन जो * आऊन् गुणी सज्जन ।
आज्ञाले नृपको सुविज्ञ तपसी * ज्ञानी बुढा हुन् जति
जान्छौँ स्वर्ग भनी नरेश–सँग नै * आए खुशी भै अति ।। १७३ ।।
सुम्पे रोहितलाइ राज्य नृपले * उन्ले गरे शासन
राजा स्वर्ग गए प्रजा लिइ सँगै * आनन्द मानीकन ।
गाए कीर्ति ठुलो तिनै भुवनमा * दानी हरिश्चन्द्रको
त्यस्तो सत्य र धर्ममा मन दिने * भूपाल अर्को छ को? ।। १७४ ।।
राजन् ! दिव्य चरित्र यो सुनिसक्यौ * राजा हरिश्चन्द्रको
जस्ले सुन्दछ, भन्छ, हुन्छ सहजै * उद्धार त्यो व्यक्तिको ।
जस्को सत्य–प्रतिज्ञ धार्मिक भनी * संसारले गाउँछन्
शिक्षा पाइ ति सत्य धर्महरुको * स्वर्गादि भेट्टाउँछन् ।। १७५ ।।

पत्नी उत्तम पुत्र, मान धनको * जो गर्दछन् चाहना
यो आख्यान सुनून् स्वयम् कित भनून् * पुग्ला छिटै कामना।
साह्रै उत्तम यो कथा भनिसकें * मैले हरिश्चन्द्रको
भन्नोस् भूप ! भई प्रसन्न मनले * इच्छा छ के सुन्नको?।।१७६।।

देवी शताक्षीद्वारा दुर्गम–वध – (४)

शक्तीको चरणारविन्द मनले * सम्झी हरिश्चन्द्रले
पाए स्वर्ग सदेह नै जब सुने * आख्यान भूपालले।
उत्पत्ति स्थिति नाश जो निमिषमै * गर्ने ति कात्यायनी
को हुन् श्री जगदम्बिका भगवती * दुर्गा शताक्षी भनी।। १।।
श्री जन्मेजयले सुध्याउनुभयो * यो बात, श्री व्यासले
थाले भन्न कथा त्रिलोक – जननी * श्री शक्तिको हर्षले।
जन्म्यो दुर्गम नाम दैत्य कुलमा * योद्धा, हिरण्याक्षको
पार्छू वेद म लुप्त, प्राण उहि हो * द्यौता तथा विप्रको।। २।।
मर्छन् वेद नपाइ विप्रगण ती * दुःखी दरिद्री पनि
यस्तो उग्र विचारले खल गयो * गर्छू तपस्या भनी।
ठूलो दुःख खपी सुमेरु गिरिमा * त्यस्ले तपस्या गर्‍यो
त्यस्को घोर विचित्र उग्र तपले * चौतर्फ हा–हा पर्‍यो।। ३।।
डूब्यो वर्ष सहस्रसम्म तपमै * बाँधेर पद्मासन
ब्रह्माको तपमा डट्यो दृढ़ भई * रोकेर आफ्नू मन।
ब्रह्मा खूशि भएर आइ नगिचै * आज्ञा भयो सादर
तिम्रो यो तपले प्रसन्न म भएँ * माँगेर लेऊ वर।। ४।।
लाग्यो भन्न समाइ पाउ विधिको * न्यूरेर त्यो दानव
पाऊँ वेद विधे ! म राख्छु वशमा * ऐह्ले भएका सब।

सारा देव जितूँ र विप्रगणको * शेखी र सातो हरी
शक्ति श्रेष्ठ हुने अजेय वरदान् * माँग्छू म पाऊ परी।। ५।।
ब्रह्माले मनमा विचार नगरी * बोले 'तथास्तु' अनि
फर्के स्वर्गपुरी र दुर्गम हिँड्यो * सिद्धी मिल्यो लौ भनी।
बिर्से वेद समस्त देव–द्विजले * निर्धा भए सज्जन
शक्ति क्षीण भई डुली घर–घरै * गर्थे ति भिक्षाटन।। ६।।
सन्ध्या–स्नान र धर्म कर्म द्विजका * सारा हराईगए
राजन् ! लोप भई क्रिया जन सबै * दुःखी दरिद्री भए।
हाहाकार भयो चतुर्दिक अनी * आश्चर्य पैदा भयो
योद्धा दुर्गमको प्रभाव तपको * विस्तार बढ्दै गयो।। ७।।
द्यौता पितृ अतीव चिन्तित भए * स्वाहा स्वधा रोकियो
आफ्ना सैन्य सँगै उ दुर्गम स्वयम् * स्वर्लोक पुग्दो भयो।
भागे ब्राह्मण, देव लड्न नसकी * त्यो स्वर्ग त्यागी जब
आफैँ इन्द्र बनेर मन्परि गरी * राजा बन्यो दानव।। ८।।
भागी ब्राह्मण, देवता जब लुके * उत्पात बढ्दै गयो
चल्थे धर्म र कर्म यज्ञहरु जो * सारा कुरा रोकियो।
वर्षा बन्द भएर पृथ्विभरिमा * सङ्कष्ट झन् फैलियो
पूरा त्यो सय वर्षसम्म स्थिति यो * सप्रेन झन् बिग्रियो।। ९।।
वापी कूप तलाउ औ नद–नदी * सुक्दै गएथे जब
ठूलो त्यो अनिकालमा कति मरे * पक्षी पशू मानव।
यस्तो देखि अनर्थ भो अब भनी * ज्ञानी तपी सज्जन
योगी ब्राह्मण सिद्धले मिलि गरे * श्री शक्तिको चिन्तन।।१०।।
सारा देव मिली महेन्द्र गिरिमा * बाँधेर पद्मासन
पूजा पाठ र प्रार्थना स्तुति गरे * बिर्सेर आफ्नू तन।

हे दुर्गे ! जगदम्बिके भगवती * त्रैलोक्यकी ईश्वरी !
गर्नूहोस् करुणा शिवे ! अब छिटै * बिन्ती छ पाऊ परी।। ११ ।।
तिम्रै हो जननी ! चराचर सबै * त्रैलोक्यकी स्वामिनी
रक्षा गर्नुहवस् तिनै भुवनको * मालीक, कात्यायनी।
होलान् पुत्र बरू कुपुत्र, जननी ! * हुन्छन् कुमाता कहाँ!
मेरो जे अपराध होस् गर क्षमा * राखी दया मन्महाँ।। १२ ।।
हाम्रो कष्ट सबै बुझी बुझि पनी * राख्दा उदासीनता
हेरीनौ जननी ! भने अब छिटै * मर्नन् सबै देवता।
मर्दै छन् अनिकालमा कति मरे * मर्नन् कती कष्टले
पानी अन्न नपाउँदा विकल छौं * हामी त्यसै हेतुले।। १३ ।।
यो ब्रह्माण्ड अनन्त कोटि छ ठुलो * त्यस्की तिमी छौ धनी
प्राणीमा सहजै दया गर, न ता * जाने कहाँ को भनी।
हे शक्ति, प्रणतार्तिहारिणि शिवे * चित्रूपिणी शङ्करी
गर्दै छौं निहुरी प्रणाम पदमा * स्वीकार हे ईश्वरी।। १४ ।।
गर्ने मङ्गल, साग–पात रसिला * खाने, दिने ईश्वरी
पाए खान त्यही र नाम हुन गो * विख्यात शाकम्भरी।
पानी बेसरि पर्नगो प्रलय नै * होला कि जस्तै गरी
निस्के देव मुनी लुके–जति सबै * खूशी भई बेसरी।। १५ ।।
द्यौता सिद्ध मुनी ऋषीश्वर मिली * बिन्ती गरे ईश्वरी !
चारै वेद भए र लोप अहिले * आयो विपत्ती परी।
हाम्रो वेद समस्त ल्याइदिनुहोस् * जाला विपत्ती अनि
ठूलो कीर्ति हुनेछ लोकभरिमा * यी हुन् शताक्षी भनी।। १६ ।।
छन् तिम्रा कर यी हजार थरिका * शाकादिले शोभित
सारा तृप्त भए तिनै भुवनका * जीवादिको भो हित।

ख्याति प्राप्त हुनेछ लोकभरिमा * शाकम्भरी नामले
मान्नेछन् सब विज्ञ पण्डितहरू * पूजा गरी भक्तिले।। १७।।
यस्तो बिन्ति सुनेर नेत्र सयले * हेरिन् तिनै शक्तिले
भूमी पूर्ण भयो उसै बखतमा * धेरै थरी अन्नले।
ल्याएथे समचार शीघ्र चरले * देवी शताक्षी भनी
सुन्दा त्यो समचार दुर्गम भयो * आगो समान्को अनि।। १८।।
आयो दानव–सैन्य ली पछि–पछी * हज्जार अक्षौहिणी
सारा सिद्ध र विप्रलाइ पथमै * छेक्यो म ठूलो भनी।
खेद्यो बेसरि देवता सकलको * सातो लिएथ्यो जब
झन् कोलाहल मच्चियो सब दिशा * थर्के ति द्यौता सब।। १९।।
त्राहि–त्राहि भनी परे सुरहरू * श्री शक्तिको पाउमा
रक्षा ती सबको गरिन् जननिले * श्रीचक्रले युद्धमा।
देवीका सँगमा लडाइँ सहसा * बढ्दै गएथ्यो जब
दुर्गाका जिउबाट शक्तिहरुको * उत्पत्ति भैगो तब।। २०।।
काली, तारिणि, भैरवी र बगला * मातङ्गिनी, मोहिनी
कामाक्षा, त्रिपुरा, प्रसिद्ध तुलजा * बाला रमा जृम्भिणी।
छिन्ना, छिन्नशिरा, सहस्र–करकी * श्री गुह्यकाली अनि
प्रादुर्भाव भए अनेक थरिका * देवी तथा योगिनी।। २१।।
भूत–प्रेत, पिशाच श्रेष्ठ गण ती * निस्केर हा–हा गरी
लागे गान–बजान गर्न नगरा * ठोकेर ती बेसरी।
थाले मार्न समस्त ती असुरका * सेना तिनै शक्तिले
आयो दुर्गम लड्नलाइ रणमा * गर्जी ठुलो वेगले।। २२।।
योद्धा दुर्गमको र शक्तिहरुको * संग्राम झन् मच्चियो
लागी बाण अनेक, शक्ति खलको * विस्तार घट्तै गयो।

सेना नौ दिनमा लडेर खलका * मर्दै गएथे जब
एघारौँ दिन दुष्ट दुर्गम स्वयम् * आयो अगाडी तब।। २३।।
शक्तीलाइ जितेर घोर रणमा * कुद्दै अगाडी गयो
देवीलाइ पनी निकै शरहरू * छाडेर त्यो गर्जियो।
त्यस्का बाण सबै अनेक टुकुरा * लाग्नै नपाई गरिन्
मारी अश्व र सारथी जिउ–भरी * घाऊ छिटै पार्दिइन्।। २४।।
काटिन् मस्तक झट्ट पाँच शरले * फोरेर छाती, अनि
पापी दुर्गमको ढल्यो जिउ उहीँ * तत्काल मुर्दा बनी।
त्यै मुर्दा जिउबाट तेज् चहकिलो * श्री सूर्य झैँ निस्कियो
हेर्थे छक्क परेर तेज गइ त्यो * श्री शक्तिमा नै मिल्यो।। २५।।

शान्ती भयो सुरहरू बहुतै रमाए
ज्ञानी मुनी सकलले गुण कीर्ति गाए।
जोरेर हात दुइटै निहुराइ माथ
श्री शक्तिको स्तुति गरे झुकि भक्तिसाथ।। २६।।

हे माता ! हे शताक्षी ! त्रिभुवन–भरिमा, शान्ति–भ्रान्ति–स्वरूपा
लज्जा कल्याणरूपा श्रुति–स्मृति–बिच छौ, ज्ञानदा मन्त्ररूपा।
कौमारी शक्तिरूपा गति–मति–स्मृति हौ, हे शिवे ! दिव्यरूपा
दुर्गे ! हामी सबै छौँ शरण चरणमा,जानि शक्ति–स्वरूपा।। २७।।

जो भक्तका उपर कल्पलता समान् छौ
ब्रह्माण्डमा भगवती तिमि नै भरी छौ।
हाम्रो लग्यो असुरले जुन वेद पैह्ले
त्यै पाउँ हे भगवती ! वरदान् अहीले।। २८।।

द्यौताको सुनि प्रार्थना भगवती * अत्यन्त हर्षित् भइन्
'लौ लेओ सुर हो' भनी श्रुतिहरू * खैंचेर सुम्पीदिइन्।

मार्दा दुर्गमलाइ त्यो समरमा * सारा विपत्ती गयो
'दुर्गा' त्यै दिनबाट नाम भवमा * विख्यात तिन्को भयो।। २९ ।।
फेरी कष्ट कुनै पर्‍यो यदि भने * सम्झे मलाई भनी
द्यौतालाइ दिएर आशिष, गइन् * तत्काल कात्यायनी।
काशीको उहि पञ्चकोश–बिचमा * देवी शताक्षी भनी
गर्छन् पूजन भक्तिले दिन–दिनै * शाकम्भरी हुन् भनी।। ३० ।।
उत्तम् श्रेष्ठ चरित्र सूर्य–कुलका * राजाहरूको सुनी
त्यस्तै भूपति हुन् भनी बुझिलिए * श्री चन्द्रवंशी पनि।
राजा उत्तम सूर्य चन्द्र कुलका * निक्कै प्रतापी थिए
शक्तीको स्तुति प्रार्थना तप गरी * संसार–पारी गए।। ३१ ।।

सतीदेवीको आख्यान हलाहल र वध – (५)

भन्थे व्यास कथा प्रसन्न मनले * सुन्थे बसी भूपति
सोधे–विज्ञ मुने ! मलाइ अहिले * शङ्का भयो सद्मति !
सावित्री र रमा, उमा भगवती– * कै अङ्ग यी तीन हुन्
ब्रह्मा, विष्णु र शम्भुलाइ क्रमले * बाँडेर यिन्ले दिइन्।। १ ।।
लक्ष्मी हुन् हरिकी प्रिया र शिवकी * पत्नी बनिन् पार्वती
गौरी पर्वतकी, रमा जलधिकी * कन्या दुवै हुन् सती।
छोरी ती कसरी भए यहि कुरा * भन्नोस् बुझाई अब
त्यो इच्छा नृपको सुनेर मुनिले * भन्दा भए त्यै सब।। २ ।।
सुम्पिन् शक्ति त्रिदेवलाइ क्रमले * कात्यायनीले जब
पाए शक्ति र काम सृष्टितिरको * गर्दै गएथे सब।
त्यै बेला हुनगो हलाहल भनी * योद्धा कुनै दानव
ब्रह्माको वरले लियो असुरले * त्रैलोक्य थर्क्यो सब।। ३ ।।

धावा गर्न पुग्यो मिली वर ठुलो * कैलास, वैकुण्ठमा
आए लइन स्वयम् हरी र शिव नै * त्यो दैत्यका साथमा।
द्यौता दानवको चल्यो जब ठुलो * संग्राम हे भूपति !
भागे दैत्य कती, मरे कति उहीँ * निक्कै भयो दुर्गति।। ४।।
फर्के शम्भु र विष्णु त्यो विजयश्री * पाई ठुलो युद्धमा
थाले वर्णन गर्न आफ्नु बलको * ती शक्तिका साथमा।
लक्ष्मीलाइ ति विष्णुले र शिवले * श्री पार्वती–जीकन
होच्याएर कुरा गरे, पति ठुलो * हामी मिल्यौँ सज्जन।। ५।।
सुन्दा ती दुइको घमण्ड बलको * लक्ष्मी तथा पार्वती
वाणी एक नबोलि अल्पिन गए * ती शक्तिरूपा सती।
तिन्को शक्ति हराइ वीर ति दुवै * निस्तेज जस्तै भए
जो गर्ने निज काम गर्न नसकी * झन् दीन बन्दै गए।। ६।।
ब्रह्माले बलहीन दीन दुइको * देखी नराम्रो स्थिति
थाले गर्न अनेक तर्क मनमा * सोच्दै कती हो कति।
ठूला शम्भु र विष्णु हुन् जगतका * कर्ता र हर्ता पनि
उन्को यै गति हो भने कसरि यो * संसार चल्ला भनी।। ७।।
त्यस्तो गूढ़ विचार विज्ञ विधिले * निक्कै गरेथे जब
देवीकै अपमानले हुन गयो * भन्ने बुझेथे तब।
पक्का भो मनमा कुरा जब सबै * हो शक्तिकै चाल यो
डाकी ती सनकादिलाइ विधिले * भन्दा भए–पुत्र हो!।।८।।
शक्तीलाइ खुशी तुल्याउ तपले * प्रत्यक्ष होलिन् तिनी
पैह्ले झैँ हरि शम्भुका सँग बसून् * लक्ष्मी र गौरी पनि।
गौरी श्री शिव–साथमा र हरिका * लक्ष्मी बसून् साथमा
पैह्ले झैँ गरि सृष्टिको क्रम चलोस् * जीवादि आनन्दमा।। ९।।

त्यो आज्ञा सनकादि विज्ञ मुनिले * आफ्ना पिताको सुनी
शक्तीको जप–पाठ पूजन सधैँ * गर्दै गएथे अनि ।
निक्कै काल बित्यो र दर्शन दिइन् * आएर कात्यायनी
हर्षित् भैकन राम्ररी स्तुति गरे * दुर्गे भवानी ! भनी ।। १० ।।
हाम्रो नित्य प्रणाम हे भगवती ! * स्वीकार गर्नोस् अब
त्यस्तो बिन्ति सुनी स्वयम् जननिले * भन्दी भइन् यो तब ।
मेरो भक्ति गर्‍यौ, प्रसन्न म भएँ * लेओ खुशीले वर
त्यो आज्ञा सनकादिले सुनि गरे * बिन्ती झुकी सादर ।। ११ ।।
हे देवी ! हरि, शम्भु फेरि अघि झैँ * ती तेजिला झन् बनून्
शक्ति प्राप्त गरेर सृष्टि–क्रम यो * उस्तै चलाईलिऊन् ।
बिन्ती सादर दक्षले पनि गरे * पाऊँ म यौटा वर
ले मेरो कुलमा जनम् लिनुहवस् * कन्या बनी सुन्दर ।। १२ ।।

आज्ञा गरिन् जननिले अनि दक्षलाई
तिम्री सुता भइ म जन्म लिनेछु आई ।
त्यो सिन्धुबाट बनि लक्ष्मि म निस्कनेछु
पुग्ला मनोरथ छिटै वरदान दिन्छु ।। १३ ।।

पहिले झैँ बल–शक्ति विष्णु शिवले * तत्काल भेट्टाउनन्
उनको कीर्ति पनी तिनै भुवनमा * प्राणीहरू गाउनन् ।
मायाबीज छ मन्त्र श्रेष्ठ सबमा * मेरी छ साह्रै प्रिय
जस्ले जप्तछ भक्तिले म त्यसको * गर्छू खुशीले जय ।। १४ ।।
यस्तो अर्ति दिई उसै बखतमा * अल्पिन् ति कात्यायनी
ब्रह्मालाइ भने गएर सबले * विस्तार सारा अनि ।
शक्ति प्राप्त गरे हरी र शिवले * लक्ष्मी सती पार्वती
लाग्यो चल्न र सृष्टि कार्य अघि झैँ * बन्दै गयो सुस्थिति ।। १५ ।।

केही काल बित्यो र दक्ष–गृहमै * श्री देविकै अंशले
कन्या उत्तम जन्मिइन् खुशि हुँदै * पाल्दा भए दक्षले ।
राखे नाम सती, भएपछि ठुली * श्री रुद्रलाई दिए
पाएँ प्राणप्रिया भनी शिव निकै * मोहित् र हर्षित् थिए।। १६।।
केही वर्षपछी गरे मख ठुलो * यौटा उनै दक्षले
हम्फालिन् गइ अग्निमा शिवजिको * निन्दा सुनी क्रोधले ।
जागे शङ्कर कालरुद्र सरि भै * संहार गर्छू भनी
हे राजन् ! बुझ यो प्रसङ्ग मनले * संक्षेप हो तापनि।। १७।।
दुर्वासा मुनिले कुनै दिन गरे * श्री शक्ति–आराधना
के माँग्छौ वर माँग दिन्छु म अनी * पुग्ला मनोकामना ।
दुर्वासा ऋषिलाइ यो किसिमले * आज्ञा गरेको सुनी
माला माँगिलिए प्रसाद मुनिले * हे देवि दुर्गे भनी।। १८।।
त्यै माला पहिरी कुनै दिन पुगे * डुल्दै तपस्वी मुनि
लागी लोभ ति दक्षले विनयले * माँगे म पाऊँ भनी ।
दुर्वासा ऋषिले प्रसन्न मनले * उन्लाइ माला दिए
माला प्राप्त गरेर दक्ष घरमा * हर्षित् भई फर्किए।। १९।।
त्यै माला पहिरी समागम गरे * ती दक्षले क्वै दिन
देवीको बहुतै अनादर भयो * निक्कै उसै कारण ।
बुद्धि भ्रष्ट भएर ज्वाइँ शिवको * निन्दा गरे दक्षले
बढ्दै गो अनि द्रोह त्यो, अघि भलो * कस्को भयो क्रोधले।। २०।।
यौटा यज्ञ गरे उसै समयमा * राम्रो ठुलो दक्षले
सारा देव जुटे निमन्त्रण मिली * त्यै यज्ञमा हर्षले ।
सम्झेथे अनि दक्षले मनमनै * जुन् द्रोह हो त्यो सब
बुद्धि भ्रष्ट भई सती र शिवको * ख्यालै गरेनन् तब।। २१।।

आइन् दिक्क हुँदै पिता–घर सती * आफैँ, नडाके पनि
निन्दा श्रीशिवको सुनेर मखमा * साह्रै भइन् दुःखिनी ।
हाम्फाली मख–कुण्डको अनलमा * त्यो देह त्यागीदिइन्
राम्री पुत्रि भई हिमाल गिरिकी * श्री पार्वती जन्मिइन्।। २२।।
त्यो सम्चार सुनेर श्री शिव यता * क्रोधाग्निमा दन्किए
काली एक र वीरभद्र बलवान् * पट्की जटा सिर्जिए ।
पारी यज्ञ विनाश, काटि शिर–नै * होमीदिए दक्षको
पत्नीले शिव–पाउमा परि रुँदै * माँग्दीभइन् स्वामिको।। २३।।
तिन्को बिन्ति सुनेर श्री शिवजिले * पारी दयालू मन
बोकाको शिर जोरि दक्ष–शिरमा * फेरी दिए जीवन ।
पत्नीको मृत–देह देखि शिवले * दुःखी सरीका बनी
गर्थे उग्र विलाप–हे प्रिय सती * साध्वी सुशीला भनी।। २४।।
हाले त्यै शव काँधमा, अनि हिँडे * सम्झी सती झल्झल
लागे घुम्न समस्त पृथ्विभरि ती * मानों बनी पागल ।
देखी दुर्गति शम्भुको हृदयमा * चिन्ता बढी विष्णुले
आँसा पारिदिए, गिऱ्यो जिउ, बनी * टुक्रा त्यही हेतुले।। २५।।
तिन्को अङ्ग जहाँ जहाँ पतन भो * त्यै त्यै थलामा त्यहाँ
बन्दै गो अति सिद्धपीठ उ थलो * प्रख्यात लोकैमहाँ ।
त्यस्ता पीठ अनेक छन् भुवनमा * भन्छन् ति शास्त्रादिले
हुन्छन् सिद्ध त्यहाँ त्यहाँ जप गरे * मन्त्रादि सद्भक्तिले।। २६।।
देवीका उपरोक्त पीठहरुको * जो गर्दछन् दर्शन
श्रद्धा भक्ति बढाइ योग्य विधिले * गर्नेछ जो पूजन ।
तिन्का पाप सबै पखालिन गई * तर्छन् तिनै सज्जन
उन्का पूर्ण हुनन् मनोरथ सबै * जो पुज्दछन् ब्राह्मण।। २७।।

जो गर्ला पुगि पीठमा यदि कुनै * सन्ध्या र स्नान व्रत
देवीलाइ प्रसन्न पार्छ उसले * होला उसैको हित ।
जस्ले पढ्दछ स्तोत्र दिव्य महिमा * जो गान गर्ला यश
भुक्ती मुक्ति हुनेछ यै शरिरले * देवी हुनेछन् खुश।। २८।।
लेखी नाम अनेक पीठ अथवा * क्वै शक्तिको पूजन
भोगी भोग यहाँ, मरेपछि उहाँ * भेट्ला सुखी जीवन ।
जस्को नाम जपेर मात्र सहजै * उत्रिन्छ पारी भने
तिन्को भक्ति गरेपछी किन नहोस् * कल्याण भेट्टाउने।। २९।।

देवीको विश्वरूप दर्शन र तारकासुरको आख्यान – (६)

सोधे भूपतिले र चित्त नबुझी * हे कृष्ण द्वैपायन !
गौरी भै गिरिराजको घर पुगिन् * के हेतुले जन्मन ?
सारा अङ्गहरू भए पतन ती * साध्वी सतीका किन
देवीको परि शोकमा शिव कहाँ * बस्ता भए गैकन।। १।।
भन्छन् व्यास सुनेर बात नृपको * धेरै प्रशंसा गरी
राजन् ! सुन्नुहवस् कथा शिवजिको * भन्छू म राम्रो गरी ।
देखेनन् जब काँधमा निज–प्रिया * साध्वी सतीको शव
गर्ने निश्चय चित्तमा दृढ गरे * गर्छू तपस्या अब।। २।।
रोकी इन्द्रिय–वेग चञ्चल अनी * बाँधेर पद्मासन
आफू घोर समाधिमा डटि गरे * श्री शक्तिको चिन्तन ।
निक्कै वर्ष बिते टुटेन शिवको * गैह्रो समाधी जब
हा–हाकार पऱ्यो तिनै भुवनका * प्राणी डराए सब।। ३।।
योद्धा तारक नाम जन्मन गयो * त्यै कालमा दानव
ब्रह्माको वरले अजेय खल भो * द्यौता डराए सब ।
त्यस्ले औरस पुत्रबाट शिवको * पायो र मर्ने वर
निक्कै उग्र समाधिमा शिव हुँदा * त्यस्को हरायो डर।। ४।।

भागेथे डरले सबै सुरहरू * देखेर त्यस्को गति
सल्लाहा सबले गरे कसरि यो * मर्ला छिटै दुर्मति।
ढोगे विष्णुकहाँ पुगेर सबले * न्यूराइ आफ्नू शिर
जो–जो कष्ट थियो, निवेदन गरे * पाऊ परी ईश्वर!।। ५।।
द्यौताको सुनि बिन्ति यत्न सजिलो * भन्नूभयो विष्णुले
शक्तीको गर प्रार्थना सब मिली * श्रद्धा तथा भक्तिले।
जाला सङ्कट यो टरेर, हरिको * शिक्षा मिलेथ्यो जब
सारा देव पुगे हिमालय छिटै * शङ्का नमानी तब।। ६।।
श्रद्धाले जप ध्यान कीर्तन गरे * श्री शक्तिको पूजन
केही काल बित्यो र दर्शन दिइन् * देवी खुशी भैकन।
ज्योति स्वच्छ हजार सूर्य सरिको * प्रत्यक्ष देखे जब
थाले गर्न सबै मिलेर स्तुति यो * जैकार गर्दै तब।। ७।।
पाऱ्यो दुर्गति तारकासुर बढी * पापी छ त्यो दुर्मति
मर्ने त्यो शिव–पुत्रबाट वरले * त्यस्ले गऱ्यो झन् खति।
छैनन् स्त्री शिवको, हुनेछ कसरी * छोरो र मर्ला खल
चिन्ताग्रस्त भयौँ सहाय नमिली * सारा हरायो बल।। ८।।
त्यस्तो बिन्ति सुनी त्रिलोक–जननी * भन्छिन् दयालू बनी
गर्नूपर्दछ धैर्य धारण अनी * टर्ला विपत्ती पनि।
मेरा भक्त ठुला हिमालय गिरी * छन् भक्त ती सज्जन
जान्छू त्यै कुलमा यही बखतमा * छोरी भई जन्मिन।। ९।।
गौरी नाम भई, विवाह शिवले * गर्नन् र छोरो भई
होला षट्मुख नाम पुत्र उसले * मार्नेछ वैरी गई।
मेरो दिव्य विराट–रूप मनमा * सम्झेर जो राख्दछन्
पाई उत्तम सूक्ष्म रूप ति मरी * मैमा सबै मिल्दछन्।। १०।।

मेरो दिव्य विराट–रूप सुर हो ! * लौ हेर कस्तो छ यो
देखाइन् यसरी भनी, जननिले * आश्चर्य त्यो देखियो ।
मेरो मस्तक स्वर्ग, उत्तम दुवै * आँखा रवी चन्द्रमा
वायु प्राण र नाक–कान विदिशा * छन् वाक्य नै वेदमा।। ११ ।।
तिघ्रा भूमि र विश्व नै उदर हो * नाभी छ आकाश यो
छाती ज्योतिष–चक्र जान सुर हो ! * घाँटी महर्लोक हो ।
हो मेरो जनलोक् निधार, तपलोक्! * हो सर्व मिल्ने सुख
बाहू इन्द्र र झिम्म रात–दिन हुन् * दाह्रा यमै हुन् बुझ।। १२ ।।
हड्डी पर्वत हो, नदी–नद सबै * मेरा नसा–जाल हुन्
सन्ध्या वस्त्र र चन्द्र चित्त, हरि धीः, * रोमावली वृक्ष हुन् ।
त्यस्तो अद्‌भुत रूप बेसरि बढ्यो * त्रैलोक्य छोप्ने गरी
बल्दो अग्नि–शिखा उही मुखविषे * देखापर्‍यो राम्ररी।। १३ ।।
भूमी, सागर, मेघ, पर्वत, नदी, * ब्रह्माण्ड नाना थरी
द्यौता, दानव, यक्ष, राक्षस तथा * जीवादि झन् बेसरी ।
देख्दैमा अतलादि लोक तनमा * झन् छक्कमा ती परे
दाह्रा देखि कराल घोर मुखमा * सम्पूर्ण द्यौता डरे।। १४ ।।
बाहू पाउ अनेक नेत्र शिरका * छन् रूप धेरै थरी
लोकालोक र चन्द्र–सूर्य ग्रह ती * नक्षत्र मेघै भरी ।
ठूला ताल तलाउ औ नद–नदी * छन् छक्क लाग्ने अति
जस्को मध्य र आदि, अन्त नभमा * देखिन्नथ्यो क्यै रति।। १५ ।।
धेरै सूर्य तथा अनेक बिजुली * चम्के सरी देखिने
बल्दो बेसरि अग्निको छ मुखमा * ज्वाला सफा झल्कने ।
डर्लाग्दो अति तेजिलो स्वरुप त्यो * प्रत्यक्ष देखे जब
सक्तैनौं अब हेर्न रूप जननी ! * भन्दै डराए सब।। १६ ।।

तिन्को बिन्ति सुनी डरे सुर भनी * मन्मा विचारीकन
जस्तो शान्त स्वरूप त्यो अघि थियो * उन्ले गरिन् धारण।
देखेथे जब सौम्य रूप सुरले * त्रैलोक्य मोहित् हुने
हेरी मात्र रहे टुलू–टुलु उतै * बोल्नै नसक्ने बने।। १७।।
नारी अत्यन्त राम्री सकल शरिरको; तेज देदीप्यमान
दीर्घाक्षी कोमलाङ्गी थरि–थरि तनमा; रत्न शोभायमान।
बल्दा छन् नेत्र राता, मणि–जडित मुकुट्; ओठ रातो भएकी
लामा बाहू र पाऊ छम–छम बजने; पाउजेब् पैह्रिएकी।। १८।।
माला बेली चमेली विविध कुसुमको; पैह्रि शोभित् छ कण्ठ
टल्कन्छन् हार राम्रा अलि–अलि हिँडदा; बज्दछन् क्षुद्र–घण्ट।
तीन् आँखा, दिव्य मूर्ती, वर अभय दिई; अङ्कुशै घोर पाश
शोभित् छन् आठ बाहू, अरुण वसन छन्; दिव्य शोभा प्रकाश।। १९।।
धप्–धप्–धप् तेज बल्ने मुकुट मणि जडित्; सोह्र श्रृङ्गार–युक्त
हेर्दी ती भक्तलाई सरस नयनले; हाँसि केही मुसुक्क।
त्यस्ती प्रत्यक्ष दुर्गा जब प्रकट भइन्; देवता मानि हर्ष
आनन्दाश्रू बहाई स्तवन गरिलिए; चित्त राखी सतर्क।। २०।।
देखी उत्तम रूप ती जननिको * द्यौता भए निर्भय
बारम्बार गरी प्रणाम पदमा * भन्थे खुशीले 'जय'।
देवीले सुरलाइ निर्भय दिई * हाँसेर बोलिन् अनि
पायौ दर्शन दिव्य, मान मनमा * सौभागय ठूलो भनी।। २१।।
मेरो दिव्य विराट रूप सहसा * देख्दैन कोही जन
मैले नै जब दिन्छु दर्शन अनी * देख्छन् तपी सज्जन।
पूजा वा तप दान यज्ञ जपले * स्वाध्यायद्वारा पनि
यस्तो दर्शन भेट्नु दुर्लभ बुझे * मेरो वचन् हो भनी।। २२।।

जीवात्मा सबमा दया अरु क्षमा * नै नित्य राख्ने गर
मेरै ध्यान र पाठ पूजन सदा * गर्नू झुकाई शिर ।
कर्ता हूँ म भनी घमण्ड मनको * त्यागेर भक्ती गरे
मिल्ला सिद्धि छिटै, सुविज्ञ अधिका * ज्ञानी तपस्वी तरे।। २३।।
धेरै तीर्थ र शुद्ध स्थानहरु छन् * मेरा जहाँ मन्दिर
तर्छन् दर्शन मात्रले पनि कती * भक्तादि नारी–नर ।
केही स्थान बताउँछू अब यहाँ * हे देवता हो ! सुन
मेरो नै तप भक्ति सादर गरी * बस्छन् जहाँ सज्जन।। २४।।
हो कोह्लापुर श्रेष्ठ मातृपुर त्यो * लक्ष्मी रहन्छिन् जहाँ
ज्वाला हिंगुल, सप्तश्रृंग, तुलजा * छन् क्षेत्र राम्रा त्यहाँ ।
दुर्गा, भक्ति र भ्रामरी भगवती * ती देवि शाकम्भरी
श्री विन्ध्याचल–वासिनी जननि छन् * मातान्नपूर्णेश्वरी।। २५।।
छन् भीमा विमला त्रिलोक–जननी * काञ्चीपुरी त्यो अनि
अर्को स्थान छ कौशिकी भगवती * छन् चन्द्रभागा पनि ।
छन् लम्बा जननी, ति नीलगिरिमा * शक्ती जगत्तारिणी
त्यो नेपालमहाँ सदा सुख दिने * छन् गुह्यकाली अनि।। २६।।
त्यस्तै उत्तम दिव्य स्थानहरु छन् * धेरै कती हो कति
ती सारा स्थलमा र तीर्थहरुमा * ठूलो छ काशी अति ।
काशीमा सब तीर्थ पीठहरू छन् * ती मुक्तिदाता उहाँ
बाँकी छैन कुनै विभूति सब छन् * भागीरथी छन् जहाँ।। २७।।
गङ्गास्नान सदैव गर्नु जनले * वाराणसीमा अनि
हुन्छन् मुक्त अवश्य पूजन सधैं * जो गर्दछन् ती पनि ।
काशी क्षेत्र समान क्षेत्र र नदी * क्वै छैन गङ्गा सरी
जान्छन् मन्त्र सुनेर 'तारक' सबै * काशी पुरीमा मरी।। २८।।

सोही कारण पुण्य तीर्थ अथवा * वाराणसीमै पनि
मेरो पूजन भक्तिले गरिरहोस् * मिल्नेछ मुक्ती भनी ।
पूजाका विधि श्रेष्ठ छन् दुइ थरी * भित्री तथा बाहिरी
भित्री पूजन सम्झनू हृदयले * मैलाइ हूँ ईश्वरी।। २९।।
मै हूँ चिद्घन नित्य व्यापक सधैँ * आगो दबेको सरि
चिन्छन् विज्ञ महर्षिले तप गरी * वा ध्यानले राम्ररी ।
पूजा बाह्य पनी छ जो दुइ थरी * त्यो वैदिकी तान्त्रिकी
श्रद्धाले दुइमा कुनै पनि गरून् * हो श्रेष्ठ त्यो सात्त्विकी।। ३०।।
यो शिक्षा सुरमा दिएर सहसा * अल्पिन् ति कात्यायनी
सारा देव खुशी भए अब छिटै * मर्नेछ पापी भनी ।
केही काल–पछी हिमालय–सुता * जन्मिन् सती पार्वती
लक्ष्मी सागरकी सुता भइ पछी * पैदा भईथिन् सती।। ३१।।
बेलामा दुइको विवाह हुन गो * श्री पार्वती–पुत्रको
राखे षड्मुख नाम कार्तिक भनी * ठूलो सुकीर्ती भयो ।
सेना–नायक ती षडानन गए * आफैँ बनी रक्षक
ठूलो युद्ध भयो, मरे असुर ती * जुन् मुख्य हो तारक।। ३२।।

श्री शम्भु विष्णु दुइले जब शक्ति पाए
थाले चलाउन ति काम निकै रमाए ।
जो सुन्छ शक्ति–महिमा दिनहूँ रमाई
वैकुण्ठ मिल्छ मरी, सुख शान्ति पाई ।। ३३।।
श्री शक्तिको अतुल तेज प्रताप जो छ
त्यस्को सदा स्मरणले पनि शान्ति मिल्छ ।
तस्मात् सदैव जननीकन सम्झिराख्नू
कल्याण हुन्छ सहजै सुख–शान्ति चाख्नू ।। ३४।।

।। इति श्रीमद्देवीभागवत सप्तम स्कन्ध समाप्त।।

श्रीमद्देवीभागवत अष्टम स्कन्ध प्रारम्भ

राजा जनमेजयको इच्छा – (१)

श्री जन्मेजय भूपले विनयले * सोधीलिए हे मुनि !
निक्कै खूशि भएँ चरित्र अधिका * राजाहरूको सुनी ।
शक्तीको महिमा सुनेँ घरि–घरी * आनन्द लाग्ने सब
इच्छा गर्दछु सुन्नको भुवनको * विस्तार मैले अब।। १।।
यो सृष्टी कहिले चल्यो; मनु भए * को विज्ञ कुन् कालमा
कुन् मन्वन्तरमा कहाँ भगवती * छन् पूज्य कुन् स्थानमा।
भूमी, द्वीप, समुद्र, पर्वत, नदी * एकेक मन्वन्तर
आज्ञा गर्नुहवस् म सुन्दछु सबै * विस्तारले सादर।। २।।
तिन्को प्रश्न सुनेर व्यास मुनिले * सन्तोष मान्दै अति
लागे भन्न बुझाइ हर्षित हुँदै * सुन्नूहवस् भूपति !
बद्रीमा तप गर्दछन् नर तथा * श्री विष्णु नारायण
डुल्दै नारदजी कुनै दिन पुगे * गर्छू भनी दर्शन।। ३।।
जुन्–जुन् तत्त्व स्वयम् बताउनुभयो * देवर्षिलाई त्यहाँ
ऐह्ले भन्छु यथार्थ वर्णन गरी * विस्तारले त्यै यहाँ।
दुर्गा हुन् अति गोप्य तत्त्व भवकी * सम्पूर्णकी ईश्वरी
गर्छिन् पालन, नाश, सृष्टि सहजै * उत्पन्न आफैँ गरी।। ४।।

उन्कै गर्छु चरित्र वर्णन सबै * जो यो कथा सुन्दछन्
आफ्ना पाप पखालि ताप मनको * पारी तिनै तर्दछन्।
ब्रह्माका सुत एक विज्ञ शतरू– * पाका प्रतापी पति
जो स्वायम्भुव नामका अघि भए * निक्कै ठुला भूपति॥ ५॥
ब्रह्माले तिनिलाइ सृष्टि गर लौ * आज्ञा भएथ्यो जब
उन्ले श्री जगदम्बिका जननिको * थाले तपस्या तब।
पूजा ध्यान समाधिमा दृढ भई * सन्तोष मानी अति
लागे गर्न तिनी प्रसन्न मनले * कात्यायनीको स्तुति॥ ६॥
गर्दै छू म प्रणाम न्यूरि पदमा * हे भक्त–उद्धारिणी
हे माता ! जगदम्बिके ! भगवती ! * हे ब्रह्म ! चिद्रूपिणी।
छौ पूज्या सबमा प्रधान तिमि नै * त्रैलोक्य – संरक्षिणी
हे माहेश्वरि विश्वमूर्ति जननी * हे शक्ति ! कात्यायनी॥ ७॥
हप्काए मधु–कैटभादि खलले * ब्रह्माजिलाई जब
तिम्रो नै गरि प्रार्थना हुन गयो * तिन्को सुरक्षा तब।
सारा लीन छ यो प्रपञ्च तिमिमा * आद्यन्तले हीन छौ
ब्रह्मा, विष्णु–महेश छन् खटनमा * ब्रह्माण्डमा एक छौ ॥ ८॥
हे दुर्गे ! परमात्म–रूपिणि, शिवे ? * सेवा सदा गर्दछु
बारम्बार झुकी प्रणाम गरि यो * पाऊविषे धर्दछु।
दुर्गाले मनुको सुनी विनय त्यो * आई दिइन् दर्शन
माँगी ल्यौ वरदान हे मनु ! तिमी * आनन्द मानीकन॥ ९॥
शक्तीको सुनि त्यो वचन् खुशि भई * बोले ति स्वायम्भुव
सृष्टी गर्न सकूँ प्रजाहरु सबै * एकेक मैले अब।
इच्छा पूर्ण हुनेछ, सृष्टि पनि यो * चल्नेछ राम्रो गरी
अन्तर्धान भइन् 'तथास्तु' भनि ती * त्रैलोक्यकी ईश्वरी॥ १०॥

बिन्ती गर्न पुगे पितामहकहाँ * ती भूप स्वायम्भुव
मैले सृष्टि गरूँ प्रजा, स्थल नभै * कुन् युक्तिले लौ अब।
ब्रह्माले सुतको सुनी विनय त्यो * चिन्ता गरे यो अनि
भूमी छैन कहीँ, जलै–जल छ, कुन् * ठाऊँ बताऊँ भनी।। ११।।
सम्झे ईश्वरिलाइ भित्रि मनले * कल्पेर धेरै जब
हाच्छ्यूँ आइ खस्यो वराह उहिँ नै * अङ्गुष्ठ जत्रो तब।
देख्दा त्यो सनकादि उत्तम मुनी * आश्चर्यमा गाडिए
यो सामान्य स्वरूप होइन भनी * क्यै तर्क गर्दै थिए।। १२।।
हेर्दै ती सुरतर्फ नै नयनले * वाराह–रूपी हरि
फाल्हाले जलमा नबोलिकन क्यै * आश्चर्य लाग्ने गरी।
काम्दै थर्र समुद्र, बाहुलि दुवै * जोरेर बिन्ती गरे
त्राहि–त्राहि प्रभो ! म छू शरणमा * भन्दै ति पाऊ परे।। १३।।
खोज्दै त्यो जलमा रसातल पुगे * भूमी कता छन् भनी
भेटेनन् जब भूमिलाइ रिसले * आगो समान्का बनी।
मेरी हुन् पृथिवी भनेर सहसा * आयो हिरण्याक्ष र
मारे युद्ध गरी वराह प्रभुले * फोर्दा भए खप्पर।। १४।।
त्यस्को ज्योति मिल्यो गएर हरिमै * त्यो मुक्त भो दानव
गर्थे तर्क–वितर्क छक्क परि ती * ब्रह्मादि द्यौता सब।
ठूला यज्ञवराहले पृथिवि नै * राखेर दाह्रामहाँ
बोकी बाहिर निस्किए अनि पुगे * इन्द्रादि बस्थे जहाँ।। १५।।
देखी अद्‌भुत कार्य त्यो शुरु गरे * द्यौताहरूले स्तुति
हे सर्वाश्रय–भूत ! छौँ शरणमा, * छौँ देवता जो जति।
राखी भूमि तुरुन्त सोहि जलमा * बैकुण्ठ आफू गए
ब्रह्माले मनुलाइ भूमितलमा * चाँडै पठाईदिए।। १६।।

बाबू ! जाउ छिटै उपस्थित भइन् * पृथ्वी दिए विष्णुले
गर्नू सृष्टि तिमी प्रजागण सबै * आनन्द उत्साहले ।
पत्नी साथ लिई झरे पृथिविमा * भूपाल स्वायम्भुव
छोरा पुत्र भए, सुताहरू भइन् * राम्री तिनोटी तब।। १७।।
जेठा पुत्र थिए प्रियव्रत अरू * उत्तानपाद् भूपति
आकूती अनि देवहूति र प्रसू– * ती तीन हुन् सन्तति ।
आकूती रुचिलाइ, कर्दमकनै * ती देवहूती दिए
दक्षैलाइ दिए प्रसूति र निकै * सन्तान बढ्दै गए।। १८।।
आकूती रुचिबाट आदि नर ती * श्री यज्ञजी जन्मिए
राजा कर्दम–पुत्र हुन् कपिलजी * ती सांख्यज्ञाता थिए ।
छोरी धेर थिए प्रसूति–तिरका * श्री दक्षका सुन्दरी
उन्कै सन्तति फैलिए पृथिविमा * चौतर्फ ती बेसरी।। १९।।
द्यौता, दानव औ मनुष्य, वनका * जन्तू र पक्षीहरू
सारा कीट पतङ्ग आदि तिनकै * सन्तान हुन् ती अरू ।
यौटा यज्ञवराह नाम भगवान् * हुन् विष्णुका अंशले
ती स्वायम्भुवको सबै तरहले * रक्षा गरे यत्नले।। २०।।
सारा तत्त्व बुझाउने कपिल हुन् * सांख्यज्ञ ज्ञानी मुनि
गङ्गा–सागरमा बसी अझ पनी * गर्छन् तपस्या उनी ।
उन्को नै उपदेश सांख्य अथवा * अध्यात्म-चिन्तन् भनी
गर्छन् आदर विज्ञ व्यक्ति भवमा * ज्ञानी तपी हुन् उनी।। २१।।

प्रियव्रत भूपालको वर्णन – (२)

जेठा एक थिए प्रियव्रत भनी * राजा मनूका सुत
आज्ञा पालन पितृको गरि उनै * गर्थे प्रजाको हित ।

छोरी एक थिइन् प्रजापति उनै * श्री विश्वकर्माजिकी
रानी बन्न गइन् प्रियव्रतजिकी * बर्हिषमती नामकी।। १।।
छोरा हुन् दश ती प्रियव्रतजिका * निक्कै प्रतापी अनि
छोरी एक भइन् सबै गुण हुने * ऊर्जस्वती नामकी।
श्री आग्नीध्र र इध्मजिह्व पछिका * श्री यज्ञबाहू थिए
माहावीर, हिरण्यरेतस दुवै * चौथा र पाँचौं भए।। २।।
छैटौं ती धृतपृष्ठ, औ सवन हुन् * मेधातिथी सप्तम
आठौं भूपति वीतिहोत्र र कवी * ज्ञानी भए उत्तम।
राजाका दश पुत्रमा पनि निकै * ज्ञानी तिनौटै थिए
माहावीर तथा कवी सवनले * कीर्ती बढाईलिए।। ३।।
अर्की पत्नि थिइन् उतातिर भए * जम्मा तिनोटा सुत
जेठा उत्तम, मध्य तामस—पछी * कान्छा थिए रैवत।
त्यो मन्वन्तरमा भए मनु अझै * प्रख्यात संसारमा
निक्कै वर्ष त्यहीँ प्रियव्रत रहे * राजा बनी लोकमा।। ४।।
गर्दा शासन वर्ष अर्बुद बिते * एग्घार उन्का जब
घूमे राज्यभरी म रात, दिन झैं * राख्छू उज्यालै अब।
लागे घुम्न ति रात्रिमा रथ चढी * श्री सूर्य जस्तै बनी
काहीँ रात परेन पृथ्वि भरिमा * भैगो उज्यालो पनि।। ५।।
मर्यादा अथवा नियम् प्रकृतिको * उन्ले गरे लंघन
रोकेथे रविको अनादर भनी * ब्रह्मा स्वयम् गैकन।
यौटा मात्र घुमेर चक्र रथमा * खाल्डो त्यसैको परी
ठूला सात समुद्र सात दिनमा * बन्दै गए राम्ररी।। ६।।
क्षार, क्षीर, सुरा, मही, शखर औ * छैटौं दहीको अनि
पानीको छ समुद्र द्वीपहरुले * छन् घेरिएका यिनी।

गैह्रा सात समुद्रले पृथिविको * जुन् भाग भो सात त्यो
सप्त–द्वीपवती सुनाम पृथिवी * भन्ने अनी फैलियो।। ७।।
जम्बू,शाल्मलि,प्लक्ष,क्रौञ्च, कुश औ * हो शाक जुन् पुष्कर
पैह्लोबाट उता प्रमाण सबका * छन् दोब्बरै दोब्बर।
जम्बू द्वीप ठुलो छ उत्तम यहीँ * प्राणीहरू छौं सब
सुम्पे द्वीप यही प्रियव्रतजिले * आग्नीध्रलाई तब।। ८।।
ठूलो क्षार समुद्रले वरिपरी * पूरा छ यो वेष्टित
दुर्गाले अवतार धारण गरी * गर्दै रहन्छिन् हित।
गर्छन् भक्तहरू यथाविधि सधैँ * श्री शक्तिको पूजन
तर्छन् पुण्य त्यही मिलेर सहजै * पारी, गुणी सज्जन।। ९।।
प्लक्ष द्वीप ति इध्मजिह्वकन दी * त्यो शाल्मली द्वीपमा
राखे शासन यज्ञबाहुकन दी * रक्षार्थ त्यो स्थानमा।
सुम्पे पुत्र हिरण्यलाइ कुश त्यो * हुन् क्रौञ्चका ती पनि
हुन् राजा धृतपृष्ठ शाक द्विपका * मेधातिथी हुन् अनि।। १०।।
गर्थे शासन वीतिहोत्र नृपती * जुन् द्वीप हो पुष्कर
शुक्राचार्यकहाँ बिहे गरि पुगिन् * ऊर्जस्वती सादर।
छोरालाइ दिएर द्वीप क्रमले * साम्राज्य त्यागीकन
राजाले वनमा गई तप गरी * त्यागीदिए जीवन।। ११।।

भूगोलको विस्तार – (३)

श्री नारायणले बताउनुभयो * हे विज्ञ नारद् मुनि !
जम्बूद्वीपविषे इलावृतहरू * नौ खण्ड छन् ती भनी।
त्यस्कै माझ छ त्यो इलावृत रवी * झैँ झल्कने झल्झल
अर्को जो छ सुमेरु उत्तम गिरी * निक्कै ठुलो उज्ज्वल।। १।।

नील श्वेत र शृङ्गवान गिरि झन् * त्योदेखि छन् उत्तर
सीमा रम्यकका हिरण्य, कुरुको * त्यस्बाट छन् झन् पर।
निस्केका उहिबाट छन् नद–नदी * साना ठुला स्थानमा
बग्छन् पूर्व कुनै र पश्चिम, पछी * मिल्छन् पुगी सिन्धुमा।। २।।
त्यै ईलावृतबाट दक्षिण–दिशा * प्रख्यात सीमा बनी
तीनोटा अझ छन् ठुला गिरिहरू * राम्रा र अग्ला पनि।
हो पैह्लो निषध प्रधान गिरिमा, * हो हेमकूट् त्यो अनि
उस्को पश्चिममा हिमालय गिरी * ठूलो छ अग्लो पनि।। ३।।
सीमा पश्चिमबाट पूर्वतक छन् * यी तीन पालैसित
सीमा हुन् हरिवर्ष, किम्पुपुरुषका * तेस्रो भयो भारत।
त्यो ईलावृतदेखि पश्चिम हुने * हो माल्यवान् पर्वत
अर्को पूर्व छ गन्धमादन उहीं * गर्ने सबैको हित।। ४।।
हुन् सीमा तिनि केतुमाल गिरिको * प्रख्यात भद्राश्वको
लामा दक्षिणबाट उत्तर दुवै– * का हुन् यिनै माझको।
मेरू, मन्दर औ सुपार्श्व र कुमुद् * प्रख्यात चारैतिर
किल्ला छन् बलिया सुमेरु गिरिका * विस्तीर्ण औ दुस्तर।। ५।।
ती अग्ला गिरिका ठुला शिखरमा * मैदान् छ जो सुन्दर
ठूला आँप, कदम्ब, जामुनु तथा * राम्रो छ अर्को बर।
पानी स्वच्छ, खुँदो र दूध, महका * छन् कुण्ड ती चारमा
त्यस्को स्पर्श गरेर देवगण ती * गै मिल्दछन् सिद्धमा।। ६।।
ती चारै गिरिमा अनेक थरि छन् * राम्रा बगैचा पनि
पत्नी–साथ विहार देवगणले * गर्छन् प्रतिष्ठित् बनी।
ठूला उत्तम वृक्ष फूल–फलले * छन् न्यूरिएका कति
देख्दा त्यो सुर–सुन्दरी सुमुखिको * बिग्रन्छ चाँडै मति।। ७।।

फेरी मन्दर शैलको उपरमा * जुन् आँपको वृक्ष छ
झर्दा त्यै रुखबाट आँप दिनहूँ * योटा नदी बग्दछ ।
आँप्को त्यै रसले नदी अरुणदा * बग्ने हुनाले त्यहाँ
शक्ती छन् अरुणा ति सत्पुरुषको * उद्धार गर्छिन् उहाँ।। ८।।
उन्को देव मनुष्य आदि सबले * गर्छन् सधैं पूजन
इच्छा पूर्ण गराइ भक्तगणको * सन्तुष्ट पार्छिन् मन ।
आद्या, पुष्टि, तुला, जया र जननी * माया, अनन्ता सती
पूजा सादर मालिनी भनि सबै * गर्छन् सकेको जति।। ९।।
अर्को वृक्ष छ मेरुकै शिखरमा * त्यो जामुनाको, अनि
गिर्छन् हात्ति समानका फल उहीं * फुट्छन् र बग्छन् पनि ।
गर्छन् पान सदा सुधासरि मिठो * जम्बू नदीको जल
देवी छन् जननी उनै भगवती * जम्बादिनी उज्ज्वल।। १०।।
ज्ञानी, सिद्ध, महर्षि, यक्षगण छन् * जो जो त्यहाँ सज्जन
गर्छन् गान सुकीर्तिको दिन–दिनै * ती देविको पूजन ।
कन्या कामकला कठोर करुणा * ती कोकिलाक्षी अनि
जप्छन् नाम गभस्तिनी जननिको * उद्धार होला भनी।। ११।।
त्यो जम्बूनदले भिजे जति सबै * त्यस्का किनारामहाँ
लागी घाम, चलेर वायु सुन झैँ * टल्कन्छ राम्रो त्यहाँ ।
पर्वत् श्रेष्ठ सुपार्श्वको कदमको * त्यो वृक्ष देखिन् पनि
बग्छन् पश्चिमतर्फ स्वच्छ महका * धारा नदी झैँ बनी।। १२।।
कालाङ्गी, विकटादि देविहरु छन् * धारेश्वरी जुन् त्यहाँ
तिन्ले पूर्ण सबै मनोरथहरू * गर्छिन् खुशी भै उहाँ ।
अर्को वृक्ष छ शैलमा कुमुदको * त्यो फैलिएको बर
निस्कन्छन् उहिँबाट ती नन्द–नदी * बग्छन् भई उत्तर।। १३।।

मीनाक्षी अनि सिद्धिदात्रि–जननी * बस्छिन् खुशीले त्यहाँ
गर्छन् पूजन भक्तिले सुजनले * खूशी भई मन्महाँ ।
ठूलो पर्वत त्यो सुमेरु रवि झैं * टल्कन्छ जुन् माझमा
ढाकेका अरु बीस छन् गिरिहरू * चारै दिशा फेदमा ।। १४ ।।
जो छन् शैल कुरङ्ग, शंख तिनमा * प्रख्यात कालञ्जर
श्री वैदूर्य त्रिकूट छन् गिरिहरू * चौतर्फ झन् सुन्दर ।
ब्रह्माको नगरी पवित्र गिरिकै * त्यो टाकुरामाथि छ
उस्का आठ दिशाहरू वरिपरी * दिक्पालको लोक छ ।। १५ ।।
श्री भागीरथि विष्णुका चरणको * अङ्गुष्ठदेखी झरी
आएकी शिरमा सुमेरु गिरिको * छन् श्रेष्ठ गङ्गोत्तरी ।
सीता नाम भएर पूर्वतिर ती * भद्राश्वमा बग्दछिन्
अर्की पश्चिम केतुमाल गिरिमा * ती चक्षुगङ्गा भइन् ।। १६ ।।
गङ्गा पुण्य दिने बगिन् अलकनन्– * दा भारतैमा पनि
अर्को उत्तरको प्रसिद्ध नदिमा * भद्रा कहिन्छिन् तिनी ।
त्यस्तै खण्डपिछै नदी–नदहरू * साना ठूला धेर छन्
सारा मन्दर मेरु आदि गिरिमा * उत्पन्न भै बग्दछन् ।। १७ ।।
धर्म–क्षेत्र कहिन्छ श्रेष्ठ सबमा * हो वर्ष यो भारत
आठोटा अरु क्षेत्रका जन सबै * छन् भोगमै उद्यत ।
तिन्को बन्छ शरीर वज्र सरिको * अत्यन्त राम्रो पनि
गर्छन् मोज उहाँ गरे–जति सबै * पुण्यादिले नै तिनी ।। १८ ।।
श्री सङ्कर्षण छन् इलावृतमहाँ * साक्षात् भवानी–पति
बस्छन् उत्तम सुन्दरीगण त्यहाँ * राम्रा कती हो कति ।
श्री विष्णू हयग्रीव नाम प्रभुजी * भद्राश्वमा बस्तछन्
श्री भद्रश्रवले उनै प्रभुजिको * पूजा सदा गर्दछन् ।। १९ ।।

फेरी त्यो हरिवर्षमा नृहरि छन् * कल्याण गर्ने सदा
ती प्रह्लाद बनेर भक्त त्यहिँ नै * बस्छन् सदा–सर्वदा।
बस्छन् श्रीहरि केतुमाल पुरमा * काम–स्वरूपी, अनि
तिन्को पूजन श्री प्रजापति गरी * बस्छन् उनैका बनी।। २०।।
बस्छन् वर्ष ठुलो हिरण्मयमहाँ * कूर्म–स्वरूपी हरि
उन्को पूजन अर्यमा पितृहरू * गर्छन् सदा राम्ररी।
मूर्तीरूप वराह उत्तर कुरू– * मा बस्तछन् श्रीहरि
गर्छिन् पूजन भूमिले प्रणयले * स्वामी बुझी राम्ररी।। २१।।
बस्ने उत्तम वर्ष किम्पुरुषमा * प्रख्यात श्रीराम छन्
पूजा श्री हनुमानजी रुजु रही * आनन्दले गर्दछन्।
छन् यै भारतमा ठुला गिरिहरू * प्रख्यात ऐह्ले जति
तिन्को वर्णन गर्दछू सुन मुने ! * बिग्रन्न त्यस्ले मति।। २२।।
त्यो मैनाक, त्रिकूट, कूट बलवान् * हो शैल गोवर्धन
अर्को मङ्गल, प्रस्थ विन्ध्य, मलय * धेरै थरी छन् सुन।
त्यो सत्याद्रि महेन्द्र कोल ऋषभ * द्रोणाद्रि पर्वत्हरू
छन् धेरै थरि पुण्यदायक गिरि * प्रत्यक्ष मूर्ती अरू।। २३।।
छन् यो भारतवर्षमा नद–नदी * सद्बुद्धि–दात्री अति
काबेरी र पयोष्णि शुद्ध सरिता * नारायणी गोमती।
ताप्ती भूमिरथी प्रसिद्ध सरयू * कोशी र चर्मण्वती
गङ्गा श्रेष्ठ सरस्वती र यमुना * त्रीवेणि वेदस्मृति।। २४।।
काशीमा दुइ छन् असी र वरुणा * श्री नर्मदा, गण्डकी
तिन्को दर्शन स्नान–दानहरुले * बिग्रन्न कैह्लै मति।
हो यो वर्णन जम्बुद्वीप–भरिको * यस्का नवै खण्डको
मान्छन् भारतलाइ स्वर्ग पुगिने * यो खुड्किलो मुख्य हो।। २५।।

इच्छा हुन्छ सदैव जन्मन यहीँ * त्यो देह त्याग्ने पनि
हौंला मुक्त अवश्य कर्म, तपले * कात्यायनीको भनी ।
गर्छन् उत्तम भोग, द्वीप अरु जो * बाँकी छ:ओटा छन
सातै पर्वत, सात खण्ड र नदी * छन् सातकै वर्णन।। २६।।
सातौँ पुष्कर द्वीप भाग दुइमा * त्यो बाँडिएको हुँदा
सीमा पर्वत बीचमा छ उसको * एक्लो सदा–सर्वदा ।
सोही पुष्करमा छ स्वच्छ जलको * गैह्रो ठुलो सागर
सीमा अन्तिम हो त्यही उदधिको * मानिन्छ धेरै पर।। २७।।
यस्को पूर्ण प्रमाणको विषयमा * भन्छन् यही केवल
यो कोटी छ पचास योजन जती * सम्पूर्ण भूमण्डल ।
लोकालोक छ जो ठुलो गिरि उही * शुद्धोदभन्दा उता
कोही व्यक्ति कसै गरी यदि पुगे * होला उतै बेपता।। २८।।
आधा हुन्छ त्यहाँ प्रकाश रविको * आधा अँध्यारो हुँदा
लोकालोक कहिन्छ स्वच्छ हुन गै * ऐना समान् टल्कँदा ।
छन् उच्चा गिरिमाथि दिग्गजहरू * प्रख्यात चारैतिर
बोकेको तिनिले छ भूमिकन यी * चौतर्फ पारी स्थिर।। २९।।
आफ्ना पार्षद–साथ चक्र करमा * पक्री रही सुस्थिर
बस्छन् त्यो गिरिमाथि विश्वभरिको * रक्षार्थ दामोदर ।
सक्छन् जान उता ति योग–बलले * श्री विष्णु योगेश्वर
नाघी लोक अनेक जान सहसा * सक्तैन कोही नर।। ३०।।
पैह्ले ती अभिमन्युको मरणमा * दु:खी हुँदा पाण्डव
साथै अर्जुनका मनुष्य रुपमै * पैँचे त्यहाँ माधव ।
हो यै वर्णन द्वीप, पर्वत, नदी * भूगोलको नै सब
गर्छू केहि खगोलको अलि–अली * विस्तार छोटो अब।। ३१।।

खगोलको आख्यान – (४)

फक्ल्याँटा दुइ दालका सरि दुवै * आकाश भूमी हुंदा
यिन्कै बीच छ अन्तरिक्ष, त्यसमै * श्री सूर्य घुम्छन् सदा।
हुन्छन् लोक प्रकाश तीन, रविकै * त्यत्रो ठुलो तेजले
घुम्छन् मन्द र मध्य, तेज गतिले * कैह्ले निकै वेगले।। १।।
माघैदेखि त उत्तरायण भयो * आषाढ अन्तिम्तक
श्रावण्बाट त दक्षिणायन भयो * त्यो पौष अन्तिम्तक।
लम्मिन्छन् दिन, उत्तरायण–भरी * रात्री जती घट्दछन्
छोटिन्छन् दिन दक्षिणायन–भरी * रात्रीहरू बढ्दछन्।। २।।
जुन् हो इन्द्रपुरी सुमेरु गिरिको * नै पूर्वमा मास्तिर
त्यस्को दक्षिणमा पुरी छ यमको * पापिष्ठ बस्ने घर।
त्यस्को पश्चिममा ठुलो वरुणको * झल्कन्छ राम्रो पुरी
उस्को उत्तरमा कुबेर नगरी * मानिन्छ राम्रो गरी।। ३।।
चारोटा पुर छन् ति उज्ज्वल ठुलो * चारै दिशामा उहाँ
पूर्वैबाट शुरू गरेर क्रमले * श्री सूर्य घुम्छन् जहाँ।
दायाँ पारि सुमेरु पर्वत तिनी * घुम्दा कतै देखिने
हुन्छन् काहिँ नदेखिने अनि, कतै * मध्याह्न अस्ताउने।। ४।।
छुट्टिन्छन् सहजै दिशा र विदिशा * श्री सूर्यले नै गरी
पानी पर्दछ, अन्न फल्छ जनको * रक्षार्थ धेरै थरी।
मैह्ना, वर्ष, पला, घडी, दिन, ऋतू * गर्मी र जाड़ो पनि
हुन्छन् यी दिन–रात, तेज रविकै * पाएर सारा भनी।। ५।।
सेतो अश्व छ सात दिव्य रथमा * पांग्रा छ कालो अनि
हाँक्छन् त्यो रथ सारथी अरुणले * आज्ञा रवीको भनी।

ज्ञानी उत्तम बालखिल्य ऋषि जो * छन् साठि हज्जार ती
पढ्छन् वेद ऋचा सहर्ष रविको * गर्दै अनेकौँ स्तुति।। ६।।
उल्टो फर्कि सदा अघी–अघि निकै * हिड्छन् अनेकौं मुनि
द्यौता किन्नर अप्सराहरु पनी * साथै रहन्छन्, अनि।
भिन्नै नाम गरी तिनै गणहरू * भिन्नै लिई साथमा
हिड्छन् सूर्य सरेर भिन्न गतिले * मैह्ना तथा राशिमा।। ७।।
प्राणीलाइ उदास लोकभरिका * पार्छन् सदा मङ्गल
हिड्छन् सूर्य सरेर बाह्र महिना * राशीपिछे केवल।
मान्छन् शुक्ल र कृष्णपक्ष दुइको * त्यो चान्द्र 'मैह्ना' सुन
त्यस्तै चान्द्र कि सौर बाह्र महिना * को 'वर्ष' मान्छन् जन।। ८।।
सुन्दै छौ रविको गति स्थिति गरें * संक्षेपमा वर्णन
चन्द्रादि ग्रहको पनि स्थिति गती * संक्षेपमा नै सुन।
सूर्यबाट ति लाख योजन जती * छन् चन्द्र माथीतिर
तिन्को भोग सदा अढाइ घडि नै * मानिन्छ राशी–भर।। ९।।
भोग्छन् उत्तम एक वर्ष रवि जो * त्यो एक नै मासमा
भोग्छन् ती शशिले छिटो उनि सरी * क्वै छैन लोकादिमा।
तिन्को सोह्र कला सुधामय हुँदा * भन्छन् 'सुधांशु' अनि
हुन्छन् शुक्ल र कृष्णपक्ष क्रमले * घट्ने र बढ्ने पनि।। १०।।
द्यौता, मानिस, पितृ, वृक्ष, पशु वा * जीवादिको यी हित
रक्षा पोषण गर्दछन् दिन–दिनै * वर्षा गरी अमृत।
बस्छन् शुक्र त लाख योजन उँभो * ती चन्द्रभन्दा पनि
ती–भन्दा दुइ लाख माथि बुधको * मानिन्छ टाढा अनि।। ११।।
तीभन्दा दुइ लाख योजन उँभो * बस्छन् सदा मङ्गल
त्योदेखिन् दुइ लाख विज्ञ गुरुको * माथी छ बस्ने स्थल।

त्योभन्दा दुइ लाख योजन उँभो * सानन्द बस्छन् शनि
त्योदेखिन् दश लाख योजन जती * छन् विज्ञ ज्ञानी मुनि॥१२॥
त्योभन्दा पनि तेह्र लाख जतिमा * श्री विष्णुको धाम छ
बस्छन् धर्म र अग्नि औ ध्रुव उहीँ * त्यो लोक झन् श्रेष्ठ छ।
ज्योतिश्चक्र–स्वरूप चन्द्र र रवी * नक्षत्र तारा सब
आफाफ्ना गतिमा रहेर ध्रुवको * राख्छन् ठुलो गौरव॥१३॥
घुम्छन् एक बनी मिलेर ध्रुवमै * ती कल्प–कल्पै–भरि
मीयोमा कसि दाइँमा दृढ भई * गोरू घुमेझैं गरी।
राहू छन् रविबाट योजन दशै * हज्जार भन्छन् तल
ढाक्ने गर्दछ पर्वमा रवि–शशी– * को दिव्य त्यो मण्डल॥१४॥
राहूले जब देख्छ चक्र हरिको * तत्काल नै छाड्दछ
उस्लाई रवि–चन्द्रको ग्रहण हो * प्रत्येकले मान्दछ।
त्यै राहु ग्रहबाट फेरि दश नै * हज्जार योजन् तल
हो विद्याधर सिद्ध चारण सबै * बस्ने छ उत्तम् स्थल॥१५॥
त्योभन्दा तल अन्तरिक्ष छ त्यहीँ * प्रेतादि बस्छन्, अनि
उड्ने सारस हाँस पन्छिहरु छन् * त्योदेखि धेरै मनि।
त्योभन्दा तल मान्दछन् जनहरू * आकाश नीलो छ जो
भिन्नाभिन्न विचार तर्क यसमा * पाइन्छ शास्त्रादिको॥१६॥
त्योभन्दा तल छन् विशाल पृथिवी * हामीहरू छौं जहाँ
सारा जीव मनुष्य जन्तुहरु छन् * ठूला र साना यहाँ।
राम्रा ग्राम नदी पुरी नगर छन् * राम्रा अनेकौं थरी
बस्छन् विज्ञ मुनी तपी ऋषिहरू * सम्झी उनै श्रीहरि॥१७॥

पाताल–वर्णन – (५)

भूमीका तल सात उत्तम पुरी * शोभा दिने छन् सब
पैह्लो हो उसमा पुरी अतल नै * बढ्ता हुने वैभव।

अर्को झन् रमणीय हो वितल त्यो * तेस्रो सुतल् लोक हो
चौथो दिव्य तलातलै छ बढिया, * पाँचौं महातल् भयो।। १।।
छैटौं लोक भयो रसातल अनी * पाताल सातौं छ जो
त्याहाँ काल–विभाग छैन ग्रहको * श्री चन्द्र वा सूर्यको।
केह्लै रात हुँदैन स्वच्छ छ सदा * नित्यै उज्यालो छ त्यो
सामग्री सब प्राप्त छन् सुख दिने * बाधा–विना कष्टको।। २।।
मायावी मयले त्यहाँ पुरहरू * राम्रा अनेकौं थरी
वापी कूप तडाग वा महल झन् * धेरै तयारी गरी।
तिन्मा नित्य विहार स्त्री–सहित भै * गर्छन् ठुला दानव
छानी–छानि लिई अनेक रमणी * घुम्छन् खुशीले सब।। ३।।
छैनन् केहि विभाग काल–गतिका * मैह्ना र संवत्सर
छन् उन्मत्त र मृत्युको पनि कुनै * मान्दैन कोही डर।
मान्छन् केवल चक्रको डर सबै * घुम्दा हुँदी मास्तिर
गिर्छन् गर्भ तुहेर नारि कतिका * त्यै चक्रको भै डर।। ४।।
छोरो हो मयको, छ जो अतलमा * हो नाम त्यस्को बल
उस्ले मोह गराउने रचिलियो * मन्त्रादि नाना छल।
त्यस्ले 'हाइ' गरेर मन्त्र पढ़दा * उल्टो गराई मति
पार्ने मोहित स्त्री अनेक सुमुखी * उत्पन्न हुन्छन् कति।। ५।।
उस्तै अद्‌भुत पुँश्चली गुणवती * स्त्री कामिनी स्वैरिणी
हाँस्तै हास–विलासयुक्त नखरा * गर्छन् खुशीले तिनी।
अल्झन्छन् तिनमा विमोह भइ जो * मान्नन् स्वयम् ईश्वर
बोल्नन् शेखि गरी कुरा थरि–थरी * मान्दै नमानी डर।। ६।।
अर्को लोक छ जो ठुलो वितलमा * श्री पार्वती छन् त्यहाँ
बस्छन् श्री शिव हाटकेश्वर उहीं * काम–स्वरूपी जहाँ।

उन्कै वीर्य बगेर सोहि स्थलमा * वायू बगी सुस्तरी
बग्छिन् उत्तम 'स्वर्ग' नामक नदी * झल्केर पारो सरी।। ७।।
त्योभन्दा तल छन् 'बली' सुतलमा * देवेन्द्र जस्तै बनी
अर्पे वामन–रूप विष्णुकन जुन् * सर्वस्व हो यो भनी।
द्यौताको हित गर्नलाइ हरिले * त्यो दापी थानिलिए
आफ्नू भक्त भनी ठुलो सुतलको * त्यो राज्य उन्ले दिए।। ८।।
आएथ्यो दशशीश सोहि पुरमा * संयोगले क्वै दिन
हाँक्यो लड्न भनी बलीकन, गरी * निक्कै ठुलो गर्जन।
फ्याँके रावणलाइ वीर बलिले * लात्ती दिई बेसरी
शेखी चूर्ण भएर त्यो पुगिगयो * तत्काल लङ्कापुरी।। ९।।
पैह्ले जुन् शिवबाट तीन पुर त्यो * सारा डढेको थियो
हो राजा 'मय' त्यो तलातल–विषे * श्री शम्भुद्वारा मिल्यो।
आफ्नू भक्त भनी सदा सुख दिने * साम्राज्य पायो त्यहाँ
मायाको गुरु हो भनी सकलको * मानिन्छ मायामहाँ ।।१०।।
छन् ती सर्पहरू तलातल, भरी * क्रोधी विषालू अति
त्यो कालीय, सुषेण, तक्षक, अरू * धेरै थरी दुर्मति।
वैरी छन् सुरका रसातल–भरी * साना ठुला दानव
कालीया, पणया, निवात, कवचे * ती वीर छन् झन् सब।।११।।
त्यो–भन्दा तल नाग छन् अझ बली * पातालमा बेसरी
सोता शंख र वासुकी कुलिक छन् * जाज्वल्य नाना थरी।
क्रोधी दुष्ट विशाल उग्र बलिया * अत्यन्त कामी पनि
बस्छन् भोग गरी ठुलो, गरुडका * शत्रू सधैंका बनी।। १२।।
झल्कन्छन् मणि जो फणा –उपरमा * उस्कै ठुलो तेजले
कैह्लै रात्रि हुँदैन, स्वच्छ दिन झैं * देखिन्छ आनन्दले।

त्यो–भन्दा तल श्री अनन्त प्रभु छन् * ती विष्णुका अंश हुन्
उन्को त्यो महिमा सनातन हुँदा * प्रत्येकले गाउँछन्।।१३।।
हज्जारौं शिरका अनन्त प्रभु जुन् * कल्पान्तमा श्री हरि
सुत्छन् त्यो दृढ योगमा सुख लिई * शय्या उनैको गरी।
भौंबाटै सहसा महाप्रलयको * बेला हुँदा भीषण
दिन्छन् दर्शन उग्र रूप धरि ती * हुन् रुद्र संकर्षण।। १४।।
उन्को पूजन गर्दछन्, शशिमुखी * ती नागकन्या, परी
तिन्को मस्तकमा विशाल पृथिवी * देखिन्छ तोरी सरि।
ज्ञानी सिद्ध मुनी तपी सुजनले * कीर्ती सदा गाउँछन्
तिन्को भक्ति बुझेर शेष प्रभुले * आशीष वर्षाउँछन्।।१५।।

नरक–वर्णन – (६)

राजन् ! दक्षिणमा छ त्यो यमपुरी * यी पृथ्विदेखिन् तल
सारा पितृ अघाउँछन् त्यहिँ बसी * पिण्डादि पाई जल।
त्यस्ले तृप्त भएर पितृगणले * आशीष वर्षाउँछन्
आफ्ना पुत्र र पौत्र आदि सबको * कल्याण नै गर्दछन्।।१।।
श्री नारायणले बुझाउनुभयो * ती नारकीको स्थिति
त्यस्को अर्थ बुझेर पाप जनले * त्यागीदिनू दुर्मति।
गर्छन् निर्णय पापको जब त्यहाँ * निक्कै बनी निर्दयी
आज्ञाले यमको लगेर चरले * फ्याँक्छन् र सास्ती दिई।। २।।
मान्छन् शास्त्र र वेदले नरक ती * जुन् लाख चौरासि छन्
अट्ठाईस प्रधान छन् ति सबमा * पापी त्यहीँ पर्दछन्।
कुम्भीपाक ठुलो छ रौरव त्यहीँ * अर्को महारौरव
भोग्छन् पाप त्यहीँ परी थरि–थरी * पापी जती छन् सब।। ३।।

कन्या, स्त्री, धन माल हर्छ जन जो * देखाइ आफ्नू बल
त्यागी देह परेर रौरव–विषे * त्यो पाप भोग्छन् खल।
बाँधेका यमदूतले चुटि–चुटी * तामिस्रमा फाल्दछन्
निक्कै वर्ष दिएर शासन उहीँ * ती नर्क भोगाउँछन्॥ ४॥
जाकिन्छन् परिवारमा रत हुने * ती अन्ध–तामिस्रमा
धेरै वर्ष परेर त्यै नरकमा * पर्छन् ठुलो कष्टमा।
पाल्छन् जो परिवार खोसि अरुको * द्रव्यादि जो दुर्जन
हाल्छन् रौरव नामको नरकमा * त्यै पाप भोगाउन॥ ५॥
मासू खान भनेर जीव–वध जो * गर्छन्, बुझी गौरव
भोग्छन् देह त्यजेर ती नरक त्यो * जुन् हो महारौरव।
गर्छन् स्वाद–निमित्त पक्षिहरुको * हत्त्या वृथा दुर्जन
कुम्भीपाक–विषे उनै तन त्यजी * भोग्छन् ति पापी जन॥ ६॥
जो गर्छन् अपमान दुर्मति लिई * माता–पिताको यहाँ
फालिन्छन् जब पुग्दछन् तन त्यजी * त्यो कलसूत्रैमहाँ।
धेरै वर्ष त्यहीँ रही थरि–थरी * सङ्कष्ट ती भोग्दछन्
फेरी जन्म लिएर नीच कुलमा * झन् दुःखमा पर्दछन्॥ ७॥

पाखण्ड मार्गतिर लाग्दछ जुन् अधर्मी
जाकिन्छ घोर असिपत्र–विषे कुकर्मी।
तर्वार–माफिक ति पात त्यहाँ रहन्छन्
त्यस्ले ति दुर्जन उहीँ खुप रेटिइन्छन्॥ ८॥
राजा भएर नबुझी अपराध, दण्ड
जो दिन्छ न्याय नसुनेर बनी प्रचण्ड।
त्यो पर्छ शूकरमुखी कहिने नरक्मा
भोगाउँछन् थरि–थरी दिइ कष्ट तिन्मा॥ ९॥

टोक्छन् किरा सब मिली उहि दुष्टलाई
भोगीरहन्छ उहिँ ऊ निज कर्मलाई ।
आपत्ति केहि नपरीकन बस्न खान
राम्रै पुगे पनि बढाउन द्रव्य मान ।। १० ।।
चोर्छन् अनेक धन जो अरुको लुकेर
त्यो भोग्छ कष्ट परि अग्निविषे जलेर ।
त्यस्ता ति दुष्टकन तप्त ति लौह–दण्ड
टाँस्छन् शरीरभरि दुःख दिई अखण्ड ।। ११ ।।
नातामा करणी विचार नगरी * जो गर्छ आँखा छली
तातो मूर्ति फलामको लि उसमै * टाँस्दा उ रोला जली ।
जो गर्छन् व्यभिचार घोर पशुमा * ऊ शाल्मली नर्कमा
उल्टो झुन्डिनुपर्छ घोर रुखमा * पर्ला ठुलो कष्टमा ।। १२ ।।
निन्दा गर्दछ वेद–शास्त्र तपको * हुन् व्यर्थ टण्टा भनी
जाक्छन् वैतरणी नदी–बिच लगी * होला दुखी बैगुनी ।
मार्ने जन्तु शिकारमा कि बलि दी * खाने भनी काट्छ जो
फाली 'वैशस' नामको नरकमा * टोकिन्छ पापिष्ठ त्यो ।। १३ ।।
डाका, वञ्चक, चोर, दुष्ट र खुनी * विश्वास – घातीकन
जाक्छन् स्वादनमा लगी कुकुरले * टोकिन्छ साटो लिन ।
झूठो साक्षि दिने र ठग्न अरुको * यत्नादि गर्नेछ जो
फाल्नेछन् भिरबाट बेसरि तलै * भोग्नेछ झन् कष्ट त्यो ।। १४ ।।
गर्ला मन्परि जो पिएर मदिरा * स्त्री जातिमा दुर्जन
तातो झोल फलामको पिइ निकै * चिच्च्याउँछन् ब्राह्मण ।
निन्दा गर्दछ विज्ञ सन्त जनको * जो श्रेष्ठ सत्पात्रको
त्यो पर्ला मरि क्षार–कर्दममहाँ * जो त्यो ठुलो नर्क हो ।। १५ ।।

त्यस्मा दुर्जनलाइ पक्षिहरुले * आँखा दुवै झिक्तछन्
पारी अङ्ग छिया–छिया लुछि–लुछी * मासू सबै तान्दछन्।
पैह्ले लिन्छ म तिर्दछू ऋण, पछी * भन्नेछ जो तिर्दिनँ
आयो माँग्न भने लुकेर घरमै * बस्नेछ जो दुर्जन।। १६।।
पर्ला त्यो मरि नर्क सूचिमुखमा * सङ्कष्ट भोग्ला अनि
साहूले टुकुरा गराइ तनको * मासू लिनेछन् गनी।
अर्कालाइ वृथा दिई भय कुनै * जो व्यक्ति तर्साउँछन्
पापी त्यस्कन 'द्वन्द्वशूकर' विषे * बाँधेर भोगाउँछन्।। १७।।
त्यस्ता कुनै नरक हेर्नु पनी नपर्ने
श्री शक्ति पूजन छ, कष्ट समस्त हर्ने।
उन्कै पुरश्चरणले सुख शान्ति पाई
जान्छन् परम्पद तिनै बहुतै रमाई।। १८।।

शक्तिलाई अर्पण गर्ने नैवेद्य – (७)

श्रीनारायण भन्नुहुन्छ महिमा * कात्यायनीको अब
दिन्छिन् भुक्ति र मुक्ति पूजन गरे * इच्छित् सबै वैभव।
पूजा पर्व र वार शुद्ध तिथिमा * गर्दा खुशी भैकन
दिन्छिन् जुन् फल शक्तिले अब मुने ! * गर्छू त्यही वर्णन।। १।।
गर्नू पूजन घीउले प्रतिपदा– * मा देविको भक्तिले
पूवाले द्वितिया–विषे गरिलिनू * पूजा सदा हर्षले।
गौको दूध चढाइ गर्नु तृतिया * हो ईश्वरीको दिन
पूजा गर्नु चतुर्थिमा घृत–मधू * मेवा गरी अर्पण।। २।।
पूजा पञ्चमिमा विशिष्ट फलले * षष्ठी तिथीमा पनि
पूजा हो पहिलो र सप्तमि–विषे * गूडै नपाए चिनी।

लावाले नवमी तिथी र नरिवल्– * ले अष्टमीमा गरोस्
त्यो एकादशिमा दही, दशमिमा * लड्डू तिलैको धरोस्।। ३।।
पूजा द्वादशिमा त गर्छ जन जो * च्यूरा चढाईकन
त्यस्का सन्तति बढ्दछन् दिन–दिनै * दिन्छिन् उनैले धन।
नैवेद्यै घृतको त्रयोदशि तिथी– * मा गर्छ जो अर्पण
तिन्लाई सुख–शान्ति मिल्दछ सधैँ * निखन्न त्यस्को धन।। ४।।
अर्पे सातु चतुर्दशी तिथिमहाँ * श्रद्धा र भक्ती धरी
त्यस्लाई कहिल्यै छुँदैन दुखले * बढ्नेछ धन् बेसरी।
औँसीमा अनि पूर्णिमा तिथिविषे * नैवेद्य होस् पायस
देओस् ब्राह्मणलाइ भोजन त्यही * फैलन्छ त्यस्ले यश।। ५।।
राखी मङ्गल–कामना मनमनै * वेदादिको मन्त्रले
गर्नू होम सधैँ हरेक तिथिमा * पूर्वोक्त सामग्रिले।
लाग्दैनन् बुझ रोग केहि, यमको * भोग्दैन वाधा पनि
देवी खूशि भएर भक्तकन त्यो * कल्याण गर्छिन् तिनी।। ६।।
देवर्षे ! अब सात वारहरुमा * जुन् चीजले पूजन
गर्नूपर्दछ शक्तिको अब त्यही * गर्छू म लौ वर्णन।
पूजा गर्नु चढाइ खीर रविमा * सौँवारमा दूधले
केरा मङ्गलमा चढाइ, बुधमा * पूजा गरून् नौनिले।। ७।।
खूँदोले गुरुवारमा र शनिमा * घ्यू, शुक्रवार्मा चिनी
यी नैवेद्य चढाउँदा अति खुशी * मान्छिन् ति कात्यायनी।
पूजाको विधिमा क्रमैसित सबै * नक्षत्र पूरा गन
जुन्–जुन् वस्तु चढाउँदा भगवती * हुन्छिन् खुशी त्यो सुन।। ८।।
घ्यू हो अश्विनिमा अनी भरणिमा * सेता कि काला तिल
खावा, दूध, दही, चिनी, मह, फिनी * लड्डू अनर्सा फल।

च्यूरा, पूरि, कसार, पापड, पुआ, * बारा, सिकर्नी अनि
छोहोरा र खजूर दाख क्रमले * सम्पूर्ण राख्नू गनी।। ९।।
मैह्रा बाह्र छ वेद–शास्त्रमतले * जस्तो भनेको क्रम
देवर्षे ! सुन त्यो बुझाउँछु सबै * विस्तारले उत्तम।
पूआ सक्खर नै चढाउनु स्वयम् * नैवेद्य वैशाखमा
मिश्री भाद्र र ज्येष्ठमा मह तथा * नौनी त आषाढमा।। १०।।
अर्पी श्रावणमा दही जननिमा * आश्वीनमा पायस
श्रद्धा भक्ति धरी समर्पण गरे * जानेछ बढ्दै यश।
मीठो दूध चढाउ कार्तिकमहाँ * हो मार्गमा त्यो फिनी
छाली अर्पण गर्नु शुद्ध दहिको * माघे पौषमा भनी।। ११।।
केरा चैत्र तथा उखू र नरिवल् * मैह्रा छ जो फाल्गुन
हुन्छिन् देवि खुशी गरे स्तुति पनी * आनन्द मानीकन।
गर्छन् भक्तहरू सदा खुशि भई * श्री देविकै चाकरी
दिन्छिन् इच्छित वस्तु ती भगवती * कात्यायनी ईश्वरी।। १२।।
राम्रो पूजा गरी जो स्तुति भगवतिको गर्दछन् भक्ति–साथ
श्रद्धाले ईश्वरीका चरण–युगलमा राख्छ न्यूराइ माथ।
त्यस्लाई दिव्य पूजा सफल हुन गई सिद्धि तत्काल मिल्छ
आधि–व्याधी हराई प्रबल रिपु जिती देविको भक्त बन्छ।। १३।।

यसरि भगवतीको भक्ति जो नित्य गर्ला
कर शिर निहुराई पाउमा नित्य पर्ला।
त्रिभुवन जननीको स्तोत्र जो पाठ गर्ला
धन जन सुख पाई पार संसार तर्ला ।। १४।।

।। इति श्रीदेवीभागवत अष्टम स्कन्ध समाप्त।।

•